कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ५३ ने. सं. ११३२ गुंलाश्व चर्तुदशी बुधवाः २०६९ श्रावण १७ गते बुधवार (Aug - 1, 2012) मुल्य : ५/– (न्यातका)

आदिवासीको नेतृत्वमा नयाँ राजनीतिक शक्ति निर्माण गर्न नदिन

'ठूला दलहरूको ग्रायण्ड डिजाइन'

कीर्तिपुर सन्देश /

संविधानसभाको अवसान पछि नेपालका आदिवासी जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा परिएका समुदायले नयाँ राजनीतिक शक्तिको रुपमा नयाँ राजनीतिक दल खोल्ने तयारी गरेपछि ठूला दलका नेताहरूले ग्रायण्ड डिजाइन गरि षडयन्त्र गर्न थालेको आदिवासी जनजातिका अगुवाहरूले बताएका छन् ।

आदिवासी जनजातिको नेतृत्वमा संघीयतालाई प्रमुख मुद्दा बनाई नयाँ राजनीतिक दल निर्माणका लागि परामर्श कार्यमा क्रियाशिल एक जनजाति नेताले कीर्तिपुर सन्देशसंग कुरा गर्दै सो आरोप दिनु भएको हो ।

उहाँका अनुसार मूल रुपमा जनजातिहरूले नयाँ राजनीतिक दल निर्माण गरे आफूहरू जनजाति विरोधीको रुपमा चित्रण हुने देखेका कारण एकीकृत माओवादी, नेपाली कांग्रेस, एमाले लगायतका दलका नेताहरूले आ-आफ्नो पार्टीका आदिवासी जनजाति नेताहरूलाई व्यक्तिगत रुपमा बोलाई त्यस्तो ढंगको नयाँ पार्टी निर्माण नगर्न अनुरोधदेखि चेतावनी समेत दिने गरेको छ ।

नयाँ चुनावमा जाने करिब करिब पक्का भएको अवस्थामा आदिवासी जनजाति, मधेसीदेखि राज्यद्वारा बहिस्करणमा पारिएका समुदायले नयाँ दल निर्माण गरे चुनावमा अफूहरू जित्न गाह्रो हुने ठहर गर्दै सो डिजाइन अनुसार नयाँ दल निर्माण गर्न नदिने अभियानमा लागेको बताइएको छ ।

ठूला दलका नेताहरूले षडयन्त्र गरेतापनि जनसुकै हालतमा नेपालका आदिवासी जनजातिहरूले आउदो अगष्ट ९ का दिन आदिवासी जनजाति, मधेशी, दलित र राज्यद्वारा बहिस्करणमा पारिएका उत्पीडित समुदायको समेत राजनीतिक रुपमा नेतृत्व गर्ने गरि अलग्गै राजनीतिक शक्तिको रुपमा नयाँ राजनीतिक दल घोषणा गर्ने समेत जनजाति नेताहरूले कीर्तिपुर सन्देश साप्ताहिकलाई बताएका छन् ।

विश्वका आदिवासी जनजातिहरूले मनाउदै आएको अगष्ट ९ 'विश्व आदिवासी दिवस' कै दिन पारेर सो नयाँ राजनीतिक दलको घोषणा गर्ने तयारी भइरहेको र सो नयाँ दल नेताहरू केन्द्रीत भन्दा पनि जनस्तरवाट बनाउने बताइएको छ ।

अहिलेको लागि सो नयाँ पार्टीको तदर्थ समिति मात्र गठन गर्ने र केहि समय पछि नै अधिवेशन गरि नयाँ पार्टीलाई पूर्णता दिने बताइएको छ ।

नगरकोटमा गोप्य बैठक

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा छुट्टै स्वायत्त प्रदेश पाउने हैसियत भएका आठ वटा राष्ट्रिय स्तरको जातीय संगठनले गत सोमवार र मंगलवार दुई दिन सम्म नगरकोटमा नेपाली कांग्रेस र एमालेका आदिवासी जनजाति नेताहरूसंग गोप्य बैठक बसेको छ ।

सो गाप्य बैठक नेवार समुदायको राष्ट्रिय संगठन नेवाः देय् दबू, नेपाल तामाङ घेदुङ, राई, लिम्बु, गुरुङ, मगर, थारु र शेर्पाका राष्ट्रिय संगठनले संयुक्त रुपमा आयोजना गरेको थियो ।

सो बैठकमा आदिवासी जनजाति, मधेसी तथा राज्यद्वारा बहिस्करणमा पारिएका समुदायले नयाँ राजनीतिक शक्ति निर्माण गर्नुपर्ने अवस्था, नेपाली कांग्रेस र एमाले भित्र बसेर पनि अहिले सम्म पहिचानको आधारमा राज्य पुनर्संरचनका लागि संघर्ष गर्दै आएको र भविश्यमा के गर्न सकिन्छ भन्ने विषयमा केन्द्रीत भएर छलफल भएको बताइएको छ ।

यसै वीच स्वायत्त प्रदेश प्राप्त गर्ने हैसियत भएका ती ८ वटा राष्ट्रिय स्तरको जातीय संगठनले स-साना जातीय राजनीतिक दल नेपाः राष्ट्रिय पार्टी, ताम्सालिङ दल लगायतका दलका नेताहरूसंग पनि केहि समय पछि छलफल गरिने बताइएको छ ।

VACANCY

Post : Jobber
Nos : 10
Qualification : Minimum +2 in any discipline
Extra Qualification : Must be expert in word, Excel and Internet Searching & Typing Speed
Salary : NRS 20,000 +
Interested Candidate Ca Apply with their hand written application, CV and testimonials
For More Details Contact

Mobiland Investment Pvt.Ltd
Ph 4332057
(Note : Selected Candidates should be taken paid)

मोबिल्याण्ड इन्भेष्टमेन्ट
लगानीको नयाँ क्षेत्र

तपाई पनि सुन, चाँदी, तामा, पितल, कच्चा तेलको अन्तर्राष्ट्रिय बजार मा सुरक्षित लगानी गरी प्रतिफल पाउन चाहनु हुन्छ भने हामी तपाईलाई सहयोग गर्छौं ।

पहिला बुझ्नुहोस, सिक्नुहोस अनि आफूलाई सुरक्षित भए मात्र लगानी गर्नुहोस् ।

विस्तृत जानकारीका लागि

मोबिल्याण्ड इन्भेष्टमेन्ट प्रा.लि.

नयाँबजा, कीर्तिपुर, सम्पर्क फोन : ४३३२०५७

खुल्यो ! खुल्यो !

नि-कोरियो हस्पिटलद्वारा सञ्चालित कोरियन क्लिनिक खुल्यो !

यही आषाढ २७ गते बुधवारदेखि सञ्चालित यस क्लिनिकमा वरिष्ठ नशा रोग विशेषज्ञ तथा फिजिसियन द्वारा जाँच तथा उपचार गराई स्वास्थ्य लाभ लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

हाम्रा विशेष सेवाहरू :–

- हात खुट्टा झमझमाउने, हात खुट्टा नचल्ने
- प्यारालाइसिस, टाउको दुख्ने, ढाड तथा गर्धन दुख्ने ।
- साथै नशा सम्बन्धि सम्पूर्ण समस्याको उपचार गरिन्छ ।

सम्पर्क :

कोरियन क्लिनिक

लोकतान्त्रिक चोक, नयाँबजार, कीर्तिपुर

मो.नं.९८५११४५६०९ (विनोद कुमार दाहाल)

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

दलहरूलाई मिलाउने भारतको प्रयास

ठूला दलहरूले सहमतिको मन्त्र जप्ने तर सहमति नगर्ने गरिनसकेको अवस्थामा अव भारतले नै ठूला दलहरूलाई मिलाउने संभावना बढदै गएको छ । पछिल्लो समय एमालेका नेता केपि शर्मा ओली भारतमा पुगी भारतका नेताहरूसंग विशेष भेटवार्ता गर्नु भएको छ ।

केहि दिन अधिमात्र नेपाली कांग्रेसका नेता भारतमा पुगेका थिए भने नयाँ गठन गरेको नेकपा–माओवादीका नेता समेत भारतमा पुगी भारतीय नेताहरूसंग भेटवार्ता गर्नु भएको खुलासा भइसकेको छ। पछिल्लो समयमा त भारतले प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई अत्यन्तै विश्वास गरेको कुरा घाम जतिकै छर्लङ भइसकेको अवस्था छ । एक ढंगबाट भन्ने हो भने अव भारत नेपाली नेताहरूको लागि तीर्थस्थल नै बनेको छ भन्दा केहि फरक नपर्ला ।

दलका नेताहरू सहमतिमा जान नसेकेको अवस्थामा कांग्रेस एमालेले भनेको जस्तो संसदको चुनाव गराउने र त्यो चुनाव डा. बाबुराम भट्टराई कै नेतृत्वमा राष्ट्रिय सरकारको स्वरुप दिएर मात्र गर्ने डिजाइन भारतले गरेको विज्ञहरू बताउँछन् ।

भारको यो योजना सफल बनाउनका लागि ठूला दालहरूलाई चुनावका लागि समेत सीटको भागबण्डा मिलाइदिने र अहिलेका प्रमुख राजनीतिक दलहरूलाई नै चुनावको प्रमुख दल बनाउन सकिए नेपालमा पहिचानको मुद्धालाई समेत ओझेलमा पार्न सकिने ग्रायण्ड डिजाइन सहितको योजना बनाइरहेका र साच्चै सो योजना सफल भए नेपालका आदिवासी जनजाति, मधेसीदेखि राज्यद्वारा बहिस्करणमा परिएका समुदायका लागि सबै भन्दा घातक हुने कसैमा दुइ मत छैन होला ।

ऐतिहासिक सुकुम्वासीहरू



रमेशकुमार महर्जन

हालैका दिनमा बाबुरामको जनवादी सरकारको एउटा अत्यन्तै वहादुरी कार्यको चोकचोक, गल्लीगल्ली तथा चिया पसलहरूमा चर्चा चल्ने गरेको छ, त्यो हो सुकुम्वासी । सुकुम्बासी अर्थात आफ्नो नामको जायजेथा केही नभएको व्यक्ति वा उसको परिवार भन्ने बुझिन्छ ।

काठमाण्डौं, थापाथली स्थित सुकुम्बासीहरूको लागि त सरकारले रेडबुल पिएर घर बासको व्यवस्था गर्न लागेको आभाष भएको छ, किनभने निरन्तर रुपमा एउटा नदीको किनारबाट अर्को नदीका किनार का जग्गाहरू खोजिखोजि जसरी भएपनि घरटहराहरू बनाई सुकुम्बासीहरूको बसोबास नगरी नछोड्ने ढिप्पी, त्यो पनि नगरका तथाकथित नायक केशव स्थापितको सहयोगमा । ३ दिनको ललितपुर बन्द पश्चात अव पनि यो कामचलाउ सरकारले सुकुम्बासीको नाममा ललितपुर का मलपोखरीमा आंखा गाडिरहेमा, चुनावी सरकारको लागि त्यो मामिला भालुको कम्चट साबित हुने भएकोले यो निर्णय हाल फिर्ता लिएको छ ।

यो कुरा त भयो थापाथली स्थिति सुकुम्बासीहरूको, अव सरकारको नजरमा सुकुम्बासीको परिभाषा समेत फरक फरक देख्न थालिसकेका छन् । बि.स. २०४६ साल यता जुनै सरकार बनेका भएपनि, त्यसै सरकार भित्रका प्रधानमन्त्री, गृहमन्त्री, सभामुख, राष्टूपति, उप–राष्ट्रपति प्रधानन्यायाधीश आदि समेत करीव दुई दर्जन मठाधीशहरूलाई आजीबन बर्षको करीव साढे ६लाख रुपैया बाड्ने कुराले अव नेपालमा बास्तविक सुकुम्बासीहरूको जीवन अझै दर्दनाक अवस्थामा पुग्ने र ती ऐतिहासिक सुकुम्बासीहरूको जीवनमा अझ बढी आर्थिक अवस्था चुस्त हुने कुरामा नेपालीहरू आशावादी भएका छन् । यी सत्ताका पूर्व सुकुम्वासीहरूलाई आ(आफ्ना बंड्गला बन्नु अगाडी, मासिक ५०हजार तनख्वा वातावरण अनुकूलका गाडी, ईन्धन आदि ईत्यादी सुविधा दिन समेत दिमागी प्रधानमन्त्रीको दिल मैनबत्ती झै पग्लिएको छ । यी गृहबिहिन मठाधीशहरूमा आदरणीय, माकुने, झलनाथ, प्रचण्ड, शेरबहादुर देउवा, डा.केपी ओली, बामदेव, गोविन्दराज जोशी, रामचन्द्र पौडेल, भीम रावल, लोकेन्द्रवहादुर चन्द, तारानाथ रानाभाट, दमननाथ ढुङ्गाना, सुवास नेम्वाङ, कृष्णबहादुर महरा, खुनबहादुर खड्का, धर्मबहादुर थापा, कृष्णप्रसाद सिटौला, पूर्णबहादुर खड्का तथा शाही फौजीकालका अत्यन्तै दुःखी सुकुम्बासी कमल थापा समेत सामेल हुने भएका छन् । यी ऐतिहासिक सुकुम्वासी हरूका मसिहा एवं उद्धारकर्ता प्रधानमन्त्री बाबुराम भट्टराई त नपर्ने कुरै भएन । अझ यो झुण्डमा सकल सुकुम्वासीको सहायक दुःखहर्ता सत्ताधारी नारायणकाजी श्रेष्ठ र बिजयकुमार गच्छदार त पर्ने नै भए । यी धनी सुकुम्बासी मध्ये कसैले पनि लज्जाबोध गरी यो सुविधा मत लिन्न भन्न सकेका छैनन्, बरु यत्नशीलले ओतप्रोत भई समाजवाद, जनवाद, लोकतन्त्रवाद आदिका नामले खोल ओधि मजाले लुट्ने भए । काले काले मिलेर खाऊं भाले । यस मानेमा यो क्रान्तिकारी बाबुराम सरकारलाई यो पंक्तिकारले भविष्य द्रष्टाको रुपमा पनि लिएको छु। किनभने जुन सरकारले देश र जनता भन्दा आफु र आफ्ना परिवार वादका भविष्य बारे दिनरात चिन्तन मनन गरेका हुन्छन्, ऊनीहरूले भविष्यमा आफु तथा आफ्नो परिवार समेत कुनै पदमा होस् या नहोस् निरन्तर राज्यको ढुकुटी लुट्न यो व्यवस्था अहिले नै पारीत् गरेका हुन् भन्नेमा कुनै शंका समेत रहन्न । स्मरण रहोस् प्रधानमन्त्री पत्नी हिसीला यमीका दिदी कयोदेवी यमी, जो लोकसेवा आयोगका आयुक्त हुनुहुन्छ, वहांको घरटहरा समेत सरकारको सडक फराकिलो पार्ने योजनाले समेत छुन सकेका छैन । सरकारले एकातिर डोजर हरू ल्याएर वाटो फराकिलो पार्न लागेको हुन्छ, वस् त्यस समयमा कयोदेवी यमी घर अगाडी उभी मात्र दिनु पर्छ, डोजरवालाहरू त भागाभाग । यस मानेमा यो सरकारलाई नेपाली जनताले मुरीमुरी धन्यवाद दिनै पर्दछ किनकी आफ्ना घर परिवारका श्रीसंम्पत्तिहरू छुनै नहुने निमुखा सर्वसाधारण जनताका घर जग्गाहरूमा पुलिसको दण्डा बर्साएर भएपनि डोजरले पेलेर सडक फराकिलो पार्ने, वाह् क्या बहादुर सरकार ।

डा. भट्टराईको क्रान्तिकारी सरकारको सुकुम्वासी योजना अन्तर्गत अर्को एउटा नितान्त नौलो योजना चालु हुने वाला छ, त्यो हो, प्रधान मठाधीशहरूका नायक डा. रामवरण यादवले २०५६ सालमा ऊनी स्वास्थ्य मन्त्री हुंदा नियम विपरीत लिएको रु. ३२ हजार रुपैया महालेखा परीक्षकको कार्यालयले बेरुजुमा राखेको रकम, तथा हालका उपप्रधान, तथा गृहमन्त्री विजयकुमार गच्छदारले १५ बर्ष अघि अर्थात २०५३ साल ऊनी भौतिक योजना तथा निर्माण मन्त्री भएको बेला उनले लिएको साढे ८ लाख रुपैया समेत मिनाहा गर्न खोज्नुले अव यो सरकारले देशको आर्थिक बृद्धिमा ठूलो छर्लाङ मार्ने कुराले नेपाली जनताहरू धुक्क भएका छन् । हरि ॐ तसत् ! प्रतिकृयाको लागि

ramesh_maharjan@yahoo.com

कीर्तिपुरको गाईजात्रामा लोप हुदै गएका मौलीकताहरू

कीर्तिपुरको गाईजात्रा पर्वमा आफ्नो मौलिकपनहरू विस्तारै विस्तारै लोप हुदै गएको विषयहरूको बारेमा केहि उल्लेख गर्न चाहन्छु

नेपालको इतिहास पल्टाएर हेर्ने हो भने नेपालका आदिवासीहरू गोपालवंशी र किराँतीवंशहरू नै भएको धेरै इतिहासविद्हरूको भनाई छ । इतिहासकारहरूले यिनीहरू जहाँबाट आएको भएतापनि नेवार समुदायमा समाहित भएको भन्ने मान्यता पाइन्छ । कीर्तिपुरमा नेवार समुदायको वर्गमा गोपाली र सापु (गाईपाल्ने मान्छे) भन्नेहरू छन् ।

यिनीहरू गोपालवंशी भएको मान्यता छ। त्यसैले कीर्तिपुरमा गोपालवंशीदेखि नै वस्ती वस्दै आएको हो भन्ने कुरा प्रष्ट हुन आउँछ । उनीहरू सबै भार तवाट कृष्णसंग आएको भनी उल्लेख गरेपनि यहाँ नेवार जाती भएर नेपालभाषा बोल्ने र नेवारी संस्कृतिहरू मनाउदै आएका, यहाँ बसोवास गरेर बसेको हुनाले उनीहरू भारतीय संस्कृति लिएर उपत्यकामा आएको भन्न मिल्दैन । नेवार समुदायले आफ्नो संस्कृति र संस्कारहरूमा आफ्नो मौलिकता र आफ्नो पन झल्काउदै परम्परादेखि अहिले सम्म मनाउदै आइरहेको पाइन्छ । (बलदेव जुजु, नेवाः संस्कृति व नेवाः दर्शन, पृ. ७)

कीर्तिपुरको आग्ने कोणमा रहेको एउटा टोललाई हाल सम्मपनि सागल टोल भनिन्छ। उनिहरूको वस्ती त्यतिवेला ग्वाः पुखू (गोपाल पोखरी)निर रहेको थियो । यी गोपाली जातीहरू नै गाई पाल्ने गर्दथे । गाई पालेर गुजारा गर्ने भएकोले नेवारहरूले उनीहरूलाई सापू भन्न थालियो ।

यी सापुहरू पछिल्लो समयतिर महर्जन भनेर पनि जात राख्न थालेको पाइन्छ । पहिले पहिले वि. सं २०१८ भन्दा अघि सम्म कीर्तिपुरमा श्राद्ध गर्दाखेरि मृतकका नाममा पुरोहीतलाई गाई दान दिने गरिन्थ्यो भने घर शुद्ध गर्दा, विभिन्न नयाँ काम गर्दा, जन्मदिन मनाउँदा, शुभकार्यहरू गर्दा उसको नामवाट पूजा गरेर देश वा नगर परिक्रमा गराउने चलन थियो। यी कार्यमा गाईलाई प्रयोग गर्नका लागि गाई पाल्नेहरूकहाँ गएर गाई मागेर ल्याउने चलन थियो । र आफ्नो यी कार्य पूरा भएपछि फेरी उनीहरूलाई नै फर्काउने गरिन्थ्यो । सो कार्य गर्नकालागि गोपाली वा सापूहरूलाई केहि दस्तूर (रकम) दिएर गाईलाई ल्याउने गरिन्थ्यो । कसैले धान, कसैले गहुँ, द्रव्य आदि दिने पनि गरिन्थ्यो । पछि विभिन्न कारण र राजनीतिक परिवर्तनको कारण, कृषि पेशामा लागेका कारण लगायत विभिन्न कारणहरूले गर्दाखेरि गाईको रेखदेखमा कमि आएर गाईहरू मर्न थाले र फलस्वरुप गाईहरू पनि वर्षेपिच्छे घट्दै जान थाले। जस्को कारणले गर्दा पछि विभिन्न कार्यहरू जस्तै जन्म दिनको लागि अन्न प्रसाद ग्रहण र अन्य शुभकार्यहरूका लागि गाईलाई नगर परिक्रमा गराउन छोडियो । खाली श्राद्ध गर्दाखेरि पुरोहीतलाई गाई दान दिनका लागि मात्र प्रयोगमा ल्याइयो । अहिले पछिल्लो समयदेखि त्यो पनि लोप नै भैसकेको छ ।

यसरी पहिले पहिले कीर्तिपुरमा मृतकका नाममा मात्र नभएर विभिन्न कार्यहरू जस्तै पास्नी, घर शुद्ध गर्ने, पुजापाठ गर्ने, जन्मदिनको उपलक्ष्यमा, व्रतब्रन्ध, भिमरथारोहण (जँक्व) आदि विभिन्न कार्यहरू गर्दाखेरि पनि गाईलाई पूजा गरेर फलफुल र खानेकुरा दिएर देश वा नगर परिक्रमा गर्ने चलन रहेको थियो । अहिले गाईलाई पूजा गरेर नगर परिक्रमा गर्न पठाउने चलन लोप नै भएको छ । कीर्तिपुरमा रहेको जाती गोपाली र सापूहरूपनि लोप हुने अवस्थामा पुगेको छ। (गुणमाया महर्जन (सापु वा ग्वाला वर्ष ७२, गःछेँ टोल बस्नेसंगको छलफलवाट)

यसरी नै गाईजात्रा मनाउने कीर्तिपुरको आफ्नै मौलिकपन बोकेको विभिन्न हास्य व्यङहरू जस्तै कःतु सडक नाटक, वि. सं. २००७ साल पछि लोप भएको कुरा बज्रमुनि बज्राचार्यले कीर्ति अनुसन्धानात्मक पत्रिका पृ. ४१ मा उल्लेख गर्नु भएको छ ।

कीर्तिपुरको अर्को आफ्नै मौलिक साहित्य बोकेको हास्य व्यङ कार्यक्रम सडक नाच छकुन्चा (छोकुन्चा) जुन भिड भएको ठाउमा व्यङग्य गदै नाच्दै प्रदर्शन गर्ने गरिन्छ र साथै विभिन्न प्रकारले बाजा बजाएर गीतहरू पनि गाउने गरिन्छ । जसलाई नेपालभाषामा कथा ल्हाये (लोक चरित्र गीत) प्रस्तूत गरि आइमाईहरूको चरित्रको बर्णन गरिन्छ । यस किसिमको हास्य व्यङ छकुन्चा वि. सं. २०३५ साल सम्म चलेको थियो । त्यसपछि सो चलन लोप भएको नाटककार स्व. शुभशान्ति बज्राचार्यले बताउनु भएको छ। त्यस्तै गरि अर्को हास्य व्यङ कार्यक्रम नायखिं च्वयेकेगु गर्दै कीर्तिपुरको टोल टोलमा गएर प्रत्येक घरको घरमुलीलाई संवाद गर्दै व्यङ र छड्के गरि हसाउने कार्यक्रम वि. सं २०४६ साल पछि लोप भएको नायखिं च्वयेकेगु कार्यक्रमका पात्र अष्टबहादुर महर्जन (भाइचा) वर्ष ९० र भोला महर्जन बर्ष ९६ म्वाःन टोल वस्नेसंगको छलफलबाट प्राप्त भएको छ । यसरी कीर्तिपुरमा मनाउने गाईजात्राको आफ्नै मौलिकपनहरू एक पछि अर्को गर्दै विस्तारै विस्तारै लोप हुदै गईरहको अवस्था छ ।



विनोद श्रेष्ठ

हार्दिक श्रद्धाञ्जली

हाम्रा छोरी शोभा महर्जन र
ज्वाईं जनकलाल महर्जनको
सुपुत्र **सौहार्द महर्जन**को
यही श्रावण ११ गते विहिवार १७ वर्षको
अल्पायुमै असामयिक निधन भएकोले
दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस
दु:खद घडीमा शोकसन्तप्त परिवारजनले
धैर्य धारण गर्न सकोस भनी हार्दिक
समवेदना व्यक्त गर्दछौं ।



स्व. सौहार्द महर्जन

जन्म: २०५२ मंसिर २७ गते
स्वर्गारोहण : २०६९ श्रावण ११ गते

बाजे/बज्यै– नरहरि महर्जन/लक्ष्मी महर्जन
मामा/माइजू– सुभाष महर्जन/नीरा महर्जन
बहिनी – स्वर्णिम महर्जन
सानी आमा/सानो बा– प्रभा महर्जन/जितेन्द्र महर्जन
भाइहरू– जेसिस महर्जन /प्रजेश महर्जन
सानी आमा/सानो बा– हरि महर्जन/विभा महर्जन
दाइहरू– रिकेन महर्जन/बिकेन महर्जन

फुपू बज्यै/फुपू बाजे– पार्वती महर्जन/नन्दवहादुर महर्जन
मामा/माइजू– नरेन्द्र मान महर्जन/सीता महर्जन
भाइहरू– शशांक महर्जन/शाश्वत महर्जन
मामा/माइजू – सुरेन्द्र मान सिंह/गार्गी वशिष्ठ
ठूली आमा/ठूलो बा– निर्मला महर्जन/अशोक श्रेष्ठ
दाइ– नृपेश श्रेष्ठ
सानी आमा/सानो बा– शर्मिला महर्जन/शिवराम महर्जन
दिदी– श्रीया महर्जन, भाइ– शुभम महर्जन

बाजे/बज्यै – नजरराम महर्जन/कृष्णमाया महर्जन
मामा/माइजू– निरज मान सिंह महर्जन/शर्मिला प्रधान
भाइ – निशान्त मान सिंह महर्जन

फुपू बज्यै– दुर्कुमारी महर्जन
मामा/माइजू – शरद महर्जन/कमला महर्जन
दाइ/बहिनी– निरोज महर्जन/लहना महर्जन
मामा/माइजू – सुनिल महर्जन/राज्यलक्ष्मी महर्जन
मामा/माइजू – अमिर महर्जन/लक्ष्मी शोभा महर्जन
भाइ– एलेक्स महर्जन
सानी आमा/सानोबा– सुशिला महर्जन/राजभाइ महर्जन
दाइ/दिदी– सुरोज महर्जन/शिरीष महर्जन
सानी आमा/सानो बा– समिता महर्जन/सजित महर्जन
बहिनी/भाइ – निकिता महर्जन/स्वयम महर्जन

फुपू बज्यै/ फुपू बाजे– कमला महर्जन/प्रा.डा.शिवशरण महर्जन
मामा/माइजू – उमेश महर्जन/ रीता श्रेष्ठ
मामा – दिलेश महर्जन
सानी आमा/सानो बा– बसुन्धरा महर्जन/श्याम सुन्दर कवं

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा ——— नेपाली भाषा

चाकुहि - *सक्खरखण्ड*
गोलभेरा - *टमाटर*
मल्टा– *खुर्सानी*
धन्या –*धनियाँ*
लाभा - *लसुन*
पालु – *अदुवा*
नवःघाँय् – *बाबरी*
छाः – *छ्यापी*
स्याउ –*स्याउ*
केरा – *केरा*
तुसि – *काँक्रो*
कागती – *कागती*
धापासी – *नासपाती*
सन्त्रासी - *सुन्तला*
भम्सि – *काली ज्यामिर*
इसि – *ऐंसेलु*
कोंय् – *हाड*
न्हयपू – *गिदी*
दाः – *बोसो*
सःपू – *सःपू*
स्यें – *कलेजो*
सों – *फोक्सो*
छेंगु – *छाला*
मे – *जिब्रो*
खाःग्वः – *खाःग्वः*
ताःतू– *आन्द्राभुँडी*
जी– *जिरा।*
ली – *पीतल*

आम प्याजया गुलि ?–
त्यो प्याजको कति पर्छ
पाउया च्यातका -
एक पाउको आठ रुपैयाँ
भचा पाः याना दिसँ–
अलिकति कम गर्नुस्
गुलि कयाः दीगु ?–
कति लिनुहुन्छ ?
छगू किलो कायेगु –
एक किलो लिने ।
अय्सा किलोया
स्वीन्यातका जक काये–
उसोभए किलोको पैंतीस
रुपैया मात्र लिन्छु ।
जिं ल्यया काये – म
छानेर लिन्छु ।
लैं गनयागु खः ?–
मूला कहाँको हो ?
दामनयागु तसकं साः–
दामनको हो राम्रो छ ।
फसि मदु ला ?–
फर्सी छैन ?
दु, वाउँगु कि म्हासुगु ?-
छ, हरियो कि पहेंलो ?
वाउँगु हे कायेगु –
हरियो नै लिने ।
धेबा कया दिसँ –
पैसा लिनुस् ।

राष्ट्रिय महिला फुटबल च्याम्पीयन बन्न एपीएफ सफल



नवीन महर्जन

एनसेलद्वारा प्रायोजित बाराको सिमरामा आयोजित राष्ट्रिय महिला फुटबल हात पार्न सशस्त्र प्रहरीको एपिएफ क्लब सफल भएको छ । गत साउन १३ गते सम्पन्न फाइनल खेलमा एपिएफले नेपाल पुलिस क्लब माथि २-१ गोल अन्तरले जित हासिल गरी राष्ट्रिय च्याम्पियन भई ट्रफी सहित रु.तीन लाख जित्न सफल भएको छ । त्यसैगरी उपविजेता भइ नेपाल पुलिस क्लबले रु.१ लाख ५० हजार तथा सेमिफाइनलमा पुग्न सफल त्रिभुवन आर्मि क्लब र कैलालीले समान रु.५० हजार नगद पुरस्कार जित्न सफल भएको छ ।

गत असार ३० गतेदेखि सुरु भएको यस एनलेल राष्ट्रिय महिला फुटबलमा तीन विभागीय टिम सहित कुल २७ टिमको सहभागिता रहेका थिए । यस चौधौं राष्ट्रिय महिला फुटबल हात पार्न एपिएफको तर्फबाट कप्तान जमुना गुरुङ र अनु लामाले गरेका थिइन भने पहिलो गोल खेलको १७ औं मिनेटमा पुलिसको तर्फबाट कप्तान चन्द्रा भण्डारीले गोल गरी अग्रता दिएलाएकी थिइन तर एपिएफले पहिलो हाफ भित्र नै गोल गरी बराबरी गरेका थिए भने ७५ औं मिनेटमा अर्को गोल गरी विजय सुनिश्चित बनाएका थिए ।

यस प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडि एपिएफका अनु लामा भइन ।

उत्कृष्ट मिडफिल्डरमा एपिएफकै सजना राना, डिफेन्समा एपिएफकै भगवती थापा, सर्वोत्कृष्ट गोल किपरमा पनि एपिएफकै मिलन राईले हात पारी रु.२५/२५ हजार जित्न सफल भएकी थिइन् भने सर्वोत्कृष्ट खेलाडि अनुले मोटर साइकल पनि जितेकी थिइन ।

उत्कृष्ट पुरस्कार अन्तर्गत केवल फवार्डको पुरस्कार भने पुलिसका चन्द्रा भण्डारी भएकी थिइन् । स्मरणरहोस एपिएफको यो लगातार पाँचौं राष्ट्रिय फुटवल च्याम्पिएन हो ।

यसरी नेपालमा महिला फुटवल व्यावसायिक रुपमा विस्तारै बामे सर्न थालेको अनुभूति हुन थालेको छ । विगत वर्षहरूको तुलनामा यस वर्ष यस १४ औं राष्ट्रिय महिला फुटवलले एनसेलको साथ पाएपछि अझ बढी चर्चा पाएको देखिन्छ र यसलाई यसरी साथ पाएमा अझ राम्रो गर्न सकिनेछ ।

यस प्रतियोगिताको कुरा गर्ने हो भने विभागीय टिमको तुलनामा अरु टिम निकै कमजोर रहेको देखिएको छ ।

यसको कारण नियमित अभ्यास एवं महिला खेलाडि जसरी पुरुष खेलाडि जस्तो क्लबमा बसेर व्यावसायिक हुन थालेको छ त्यो अभाव भएको देखिन्छ तसर्थ अन्य टीमहरू पनि विस्तारै व्यावसायिक फुटवलमा लैजान सके हाम्रो देशमा महिला खेलाडीको कमी छैन जस्तो देखिएको छ । त्यसकारण एन्फाले यतातिर ध्यान पर्ने देखिन्छ ।

ओलम्पिक खेलमा नेपालको सहभागिता

गत साउन १३ को विहानीमा आयोजक लन्डनले तेस्रो पटक आफ्नो शहरमा कीर्तिमानी ओलम्पिक खेलको आयोजना गरी आश्चर्यजनक टापुको परिकल्पना गरी उद्घाटनले बेलायती सभ्यताको इतिहासलाई भव्यरुपमा प्रस्तुत गरी विश्वलाई आकर्षित गर्न सफल भएको छ ।

पूर्वी लन्डनस्थित स्टाटफोर्डमा रहेको ओलम्पिक रंगशालाको मैदानलाई दुई शताब्दी अभिको एउटा काल्पनिक टापुको रुप दिएर गीत, संगीत र प्रकाशको बेजोड सम्मिश्रण गरी बेलायती महारानी एलिजाबेथ द्वितियाले ३० औं ग्रृष्मकालिन ओलम्पिकको शुरु भएको घोषणा गरी प्रारम्भ भएको हो । विश्वका २०५ र ाष्ट्रका राष्ट्रिय झण्डाले उक्त ओलम्पिक पार्क सजाइएको थियो । जस्मा हाम्रो राष्ट्र नेपालको पनि थियो । मार्चपासमा नेपालको झण्डा पौडी खेलाडी प्रसिद्ध जंगले बोकेको थियो । यो विश्व खेलकुदको कुम्भ मेला साउन २८ सम्म बेलायतको राजधानी लन्डनमा चल्ने छ । यस कार्यक्रमको प्रत्यक्ष प्रसारण नेपाल टेलिभिजनले पनि गरेको थियो तर दुर्भाग्यवस नेपालको राष्ट्रिय झण्डा लिई रंगशालामा प्रवेश गर्दा त्यसको प्रत्यक्ष प्रसारण नेपालले गर्न सकेको थिएन । रातभरी पर्खेर बसेका खेलप्रेमीहरूले अरू च्यानलबाट हेर्न बाध्य भएको थियो । ओलम्पिक खेलमा नेपालले सन् १९६४मा सम्पन्न टोकियो ओलम्पिकदेखि सहभागिता जनाइएको थियो । उक्त ऐतिहासिक खेल महोत्सवमा नेपालले एथलेटिक्स तर्फ गंगा वहादुर थापा र भुपेन्द्र केसी तथा बक्सिङ्ग तर्फ नामसिंह थापा, श्यामप्रसाद गुरुङ र ओम प्रसाद पुन सहभागिता भएको थियो । त्यस्तै सन १९७२ मा म्युनिखमा भएको २० औं ओलम्पिकमा नेपालले म्याराथुन दौडमा भक्त वहादुर सापकोटा र जितवहादुर केसी सहभागी भएका थिए । जस्मा भक्त वहादुर सापकोटाले निर्धारित दुरी पार गऱ्यो भने अर्को धावकले पूरा गर्न सकेन । त्यसैगरी सन १९७६को क्यानाडाको मन्ट्रियल ओलम्पिक मा पनि नेपालले म्याराथनमा नै सहभागिता जनाइएको थियो । सन १९८०मा मस्कोमा सम्पन्न २२ औं ओलम्पिकमा नेपालले एथलेटिक्स वक्सिङ्ग र भारोत्तोलन मा सहभागीता जनाइएको थियो । सन् १९८४ मा अमेरिकामा सम्पन्न २३ औं ओलम्पिकमा नेपालले एथलेटिक्स, बक्सिङ्ग, सुटिङ र जुडोमा गरी १७ खेलाडी पठाएको थियो । २४ औं ओलम्पिक खेलमा प्रदर्शन खेलको रुपमा राखिएको तेक्वान्दो खेलमा नेपालका विधान लामाले कास्य पदक जीत्न सफल भएको थियो । सिउलमा सम्पन्न उक्त खेलमा वाहेक नेपालले अहिलेसम्म कुनै पदक जित्न सफल भएको छैन । सन २००८ मा सम्पन्न २९ औं बेइजिङ ओलम्पिकमा नेपालले तेक्वान्डो जुडो, सुटिङ, भारत्तोलन, पौडी, एथलेटिक्स गरी कुल ८ खेलाडि पठाएको थियो ।

त्यसैगरी अहिले जारी ३० औं लण्डन ओलम्पिकमा पौडी, एथलेटिक्स र सुटिङमा गरी ५ खेलाडी पठाएका छन । जसमध्ये सुटिङकी स्नेह राज्यलक्ष्मी राण गत शनिवार नै पराजित भएकी थिइन । उक्त इभेन्टसमा चिनीयाँ सुटर यीसिलिङले समग्रमा ५०२.९ स्कोर गर्दै लन्डन ओलम्पिकमा पहिलो स्वर्ण जितिन । नेपालकी स्नेह ५६ खेलाडि मध्ये ५५ औं स्थानमा परेकी थिइन् ।

एस.एल.सी २०६८ मा उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई

हार्दिक बधाई

उज्जवल भविष्यको

मङ्गलमय शुभकामना

साथै मङ्गल उच्च मा.वि. यहाँहरूलाई

हार्दिक स्वागत

गर्दछ ।

कक्षा ११ मा भर्ना खुल्यो ।
संकाय
व्यवस्थापन
शिक्षा
मानविकी

विषयहरू
– कम्प्युटर विज्ञान
– होटल व्यवस्थापन
– आम संचार
– समाजशास्त्र आदि

नोटः यस विद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा विभिन्न छात्रवृत्तिहरू व्यवस्था गरिएको छ ।

मङ्गल उच्च मा.वि./बहुमुखी क्याम्पस
कीर्तिपुर
फोनः ०१–४३३०५४४, ०१–४३३५५६०

नयाँ शो रूम खुल्यो



CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सले अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स नयाँबजार, फोन ४३३१०७८

थुनुवाको डायरी–५२



२०६७/०८/२१ मंगलवार बासाठी दिन

आज विहान ठिक ४ बजे मेरो निद्रा खुल्यो । बाहिर गएर नित्य कर्म गरें । डाँडामा गएर एउटा चुरोट पिएँ । कोठामा आएर डायरी लेखें । ५ बज्यो लोडसेडिंग भयो । म फेरि सुतें । ५.५५ बजे मेरो निद्रा खुल्यो । नम्बर पनि खुली सकेको रहेछ । जुत्ता लगाएर बाहिर घुम्न गएँ । ६.४५ बजे चिया खाएर ओमशान्तिमा गएँ । भाइजीले मुरली पढेर सुनाउनु भयो ।

ओमशान्तिबाट बाहिर आएर हस्पिटल कोठामा गएँ । अस्तिको ब्लड सुगर टेस्ट रिपोर्ट लिएँ । फोटोकपि गराउन निरज पन्तलाई दिएँ । उसले फोटो कपि गरेर ल्याई दियो । कोठामा आएर मेरो मुद्दाको मिशिल हेर्न लागें ।

मेरो विरुद्ध शर्मिलाले पनि प्रहरीमा बयान दिएकोजस्तो लागेको थियो । होइन रहेछ । मलाई गिरफ्तार गरिसकेपछि मेरो विरुद्ध अभियोगपत्र तयार गर्न देखिजान्ने भनेर असोज १४ गते नीरु खत्री, सुनिजान्ने भनेर त्यही मितीमा सबीताको आमा सोमा कुमाल (लिम्बु) र कविता थापामगरसँग बयान लिएको रहेछ । त्यस्तै असोज १७ गते स्कूलका ८ जना शिक्षक/शिक्षिकाहरूको बयान लिएको रहेछ । उनीहरूले भन्दै नभनेको कुरा लेखर झुक्याएर सही गराईदिएको रहेछ । उनीहरूकै बयानको आधारमा मलाई पुर्पक्षको लागि थुनामा पठाएको रहेछ ।

ठिक समयमा औषधी खाएर खाना खाएँ । खाना खाएर छोरा आउने प्रतिक्षामा घाम तापेर बसिरहें । १२ बज्यो माईकबाट मेरो नाम बोलाएन । कोठामा आएँ । समय बित्दै गैरहेछ । १ बज्यो अब त आउँछ कि भनेर बाहिर गएँ । १.३० बज्यो ।

अब त अवश्य आउँछ होला भनेर चिया पसलमा गएँ । बिना चिनीको चिया अर्डर दिएँ । आधाघण्टा पछि मात्र चिया खान पाएँ । आज छोराले मासु पनि ल्याउँछ कि भन्ने आशा जाग्यो । त्यसैले आउन ढिला भएको हो कि जस्तो लाग्यो । समय बित्दै गयो । मेरो छोरा आएन । मेरो आशा र अभिलाषा चकनाचूर भयो । जब माईकबाट 'धारा खाली भयो मास्टर साहेब, नाईके सहनाईके दाइहरू धारा खालीमा उपस्थित भैदिनुहोला' भन्ने सूचना जारी भयो । मैले घडी हेरें । ३.१५ बजेको छ ।

अब त भेटघाट गर्ने समय पनि सकिसक्यो । होटलमा के खाजा बनाएको छ हेर्न गएँ । आज आलु चप बनाएको रहेछ । त्यसैले कोठामा आई दालमोठ चिउरा खाएू ।

कोठामा आएर "जिन्दगीका डोबहरू" उपन्यास लेख्न थालें ।

साँझको खाना खाएर ७.२५ मा ओमशान्तिमा गएँ । आस्था च्यानलमा शिवानीको अन्तर्वार्ता आएको रहेछ ।

उनले हरेक चीज हेर्ने नजर मान्छे पिछे फरक हुन्छ भन्ने ज्ञान दिनुभयो । ७.५५ मा कमल कटुवाल भाइजीले मुरली पढ्न सुरु गर्नुभयो । शब्दनै राम्ररी पढ्न नजान्ने मानिसले न न त त गरेर पढेको त्यसमा स्वर पनि सानै रहेकोले केही बुझेन । मुरली स्क्याएर बाहिर आएँ ।

९ बजे नम्बर लाग्यो । आफ्नो बेडमा बसें । आज मलाई केही लेख्न र पढ्न मन लागेन । म सुतें ।

२०६७/०८/२२ बुधवार त्रिसाठी दिन

आज विहान २.४५ बजे मेरो निद्रा खुल्यो । बाहिर गएर पिशाव फेरेर आएँ । अब नसुतिकन उपन्यास लेखुं कि जस्तो लाग्यो । तर यसले मेरो स्वास्थ्यलाई हानि गर्छ कि भनेर फेरि सुतें । ५.१५ बजे निद्रा खुल्यो । कोठा अन्धकार थियो ।

लोडसेडिंग भैसकेको रहेछ । बाहिर डाँडामा गएर एउटा चुरोट पिएँ । धारामा मुख धोएर आएँ । बत्ती छैन के गरेर बस्ने भनेर फेरि सुतें । छ बजे फेरि निद्रा खुल्यो । नम्बर खुली सकेको रहेछ । रेडियो सुन्दै बाहिर घुम्न गएँ । ७ बजे चिया खाएर ओमशान्तिमा गएँ । आज सुदीप भाइजी आउनु भएको रहेछ । मुरली सुनें । तर आज मैले केही पनि बुझेन । त्यहाँबाट बाहिर आएँ । कोठामा आएर यो डायरी लेखें ।

आज मलाई घरको खुब याद आइरहेको छ । किन हो किन । आजकल मलाई कोही भेट्न आएन भने साह्रै बोर लाग्न थालेको छ । सुरु सुरुमा जेल आउँदा मलाई रमाइलै लागेको थियो । त्यतिबेला म छिट्टै छुट्छुजस्तो लागेको थियो । अब त त्यस्तो आशा पनि लागेन । अरूको कुरा सुन्दा मपनि छ महिना नभइ बाहिर जान पाउँदैन होला । अझ सजायँ भोग्नु पऱ्यो भने कति वर्ष लाग्ने होला । यही सोचेर मेरो मन उदास हुन्छ म तडपिन्छु ।

हिजो परशुराम खडकाले आउने १ गतेदेखि नीजि भान्सामा खाना पकाउने कुरा गरेको थियो । १७ नं पुनरावेदनबाट केही हुने आशा रहेन । जिल्ला अदालतबाट फैसला हुन कम्तिमा ६ महिना लाग्छ भन्यो । मलाई पनि अरूहरूले नीजि खाना पकाएर खाउँ भनेको थियो । नीजि भान्सामा खाना पकाएर खाँदा आफू खुशी तरकारी र आफ्नो समयमा खाना खान पाइन्छ ।

यसरी नीजि भान्सामा खाना बनाएर खाँदा कति रुपैया थप्नु पर्छ भनेर सोधेको त कसैले महिनाको पन्द्रहसय, कसैले दुई हजार थप्नु पर्छ भन्यो । म यहाँ कमाउन आएको होइन न त घुम्ननै आएको हुँ । म त यहाँ बाध्यतावश थुनुवा भएर आएको छु । थुनुवा मान्छेलाई के मिठो, के नमिठो के मतलब ? फेरि मैले खानालाई कहिल्यै महत्व दिएको छैन । पेट भर्न पाए पुगी हाल्यो । भान्साको खाना पनि नराम्रो होइन ।

अहिले ४ नं भान्सामा खाना खान थालेंदेखि त मलाई घरको खाना खाएकोजस्तो लाग्न थालेको छ ।

त्यहाँका स्टाफहरूले पनि मलाई माया गर्छन्, अंकल भनेर सम्मान गर्छन । आफ्नो समयमा खान गयो । खायो आयो । यही मज्जा छ । त्यसैले मैले नीजि भान्सामा खाना बनाएर खान इन्कार गरें ।

१०.२० मा खाना खाएर घाम तापेर किताब पढिरहें । ११ बजे कोठामा आएर उपन्यास लेख्न थालें । आज छोरा पक्कै आउने छ । दिनेशलाई माईकबाट दुईचोटि बोलाईसक्यो । पशुपति दाइ एक दिन बिराएर आइरहेको छ । उसलाई चाहिने सामान पशुपति दाइले ल्याइदिनु भएको छ । दुई जनाको बीचमा के सम्बन्ध छ मलाई थाहा छैन । कहिलेदेखि उनीहरू साथी भएका हुन त्यो पनि मलाई थाहा छैन । दिनेश मकवानपुर जिल्ला दामनको, पशुपति दाइ बुटवलका हुन । चिनजान त पछि मात्र भएको होला तैपनि कति मिलेको ? मेरो भने बचपनको साथी रामकृष्ण दुवालको अत्तोपत्तो छैन । के भन्ने यसलाई ?

म कोठामा बसेर उपन्यास लेख्दैछु । माईकबाट मेरो नाम बोलायो । घडी हेर्दै १२.१५ बजेको छ । पक्कै छोरै आएको होला भनेर गएको त छोरानै आएको रहेछ । भेटघाट गरें । कुराकानी भयो ।

"पर्सि १७ नं.मा बहस भयो भने तपाईं पक्कै छुट्नु हुनेछ ।" छोराले विश्वासको साथ भन्यो ।

मलाई पनि लागेको छ अब म छुट्छु होला । अब यहाँ बस्ने मेरो कुनै काम बाँकी रहेन । राजकुमार को नाममा लेखेको पत्र दिएर छोरालाई भनें, "यो पत्र मेगस स्कूलको प्रिन्सिपल राजकुमार नकर्मिलाई दिनु । अत्यन्त जरुरी काम छ भन्नु । यदि म पर्सि छुटें भने आइतवारको पेशी सार्ने । अनि जे गर्नु पर्ने हो म गरीहाल्छु ।"

यस्तै कुराकानी गर्दै आधाघण्टा बित्यो । छोराले मलाई थरमस, कफी र कुखुरा मासु ल्याई दिएको छ । हामी छुट्टियौं । भान्सामा गएर पानी तताएर थरमसमा राखेर ल्याएँ । म कोठामा पुगेको मात्र थिएँ । माईकबाट फेरि मेरो नाम बोलायो । को आएको होला भनेर ढोकामा गएको त मेरो साथी रामकृष्ण दुवाल, जुजुभाइ र सुजिन्द्रं महर्जन आएका रहेछन । उनीहरूसँग हात मिलाएर बसें ।

"के हो दुवालजी ! मलाई एकचोटि भेट्न आउनुस भनेर बोलाउनु पर्ने होइन ? बोलाउँदा पनि आउँदै नआउने के चाल हो ?" मैले दुवालजीलाई अलि रिसाएकोजस्तो गरि भनें ।

"मलाई फुर्सदै छैन ।" उसले भन्यो ।

"तिमी विदेश गएका थियौं कि प्रधानमन्त्री बनेका थियौं कि ? मेरो जिन्दगीभन्दा ठूलो त्यस्तो के काम आइपऱ्यो ?" मैले भनें, "अरु सबै काम छाडेर भएपनि सिविनमा गएर गौरी प्रधान भेटेर कुरा मिलाउनु पऱ्यो ।"

"हुन्छ म गएर कुरा गर्छु । २४ गते पुनरावेदन जाउँला ।" दुवालले भन्यो ।

"पुनरावेदन कहिं जानु पर्दैन । यो सिविन, सिविस लगायत १५ वटा संस्था मेरो विरुद्ध लागेका छन । सबै संस्थाहरू एमालेका हुन । यति त मिलाउनु पऱ्यो ।"

"अनि जुजुभाइ २६ गतेको जुलुसको लागि कति तयारी भैरहेको छ । २६ गते अदालत अगाडी हाम्रा बच्चाहरू र उनीहरूका आमाहरूलाई पनि लिएर आउने । जसले गर्दा न्यायाधिशमाथि दवाव परोस ।" मैले जुजुभाइलाई भनें ।

"हुन्छ, हामी सल्लाह गरेर गरुंला । अस्ति बद्री दाइ र कालिमाटीको बालकृष्ण सँगै भ्वाइस अफ चिल्ड्रेनको डाइरेक्टर कृष्ण कुमार थापा भेट्न गएका थियौं । उहाँले त पार्टीसँग सल्लाह गरेरै कारवाही चलाएको हो भन्यो ।" जुजुभाइले भन्यो ।

"पुलिस रिपोर्ट, मेडिकल रिपोर्ट, घटनास्थल मुचुल्का सबै दाइको पक्षमा छ । अदालती प्रोसेस अलिकति लम्बिन सक्छ । तपाईंले सफाइ पाउनु हुनेछ ।" सुजिन्द्रले भन्यो ।

यस्तै कुरा गर्दागर्दै २.१५ बज्यो । छिटो कुरा सिद्धयाउनु भनेर स्टाफहरू कराउन थाले । हामी छुट्टियौं ।

२.४५ बजे निरजले ल्याएको टिफिन क्यारियर लिएर भान्सामा गएँ । टिफिन क्यारियर खोलेर हेरको त झोलवाला कुखुराको मासु, गेडागुडी पनि रहेछ । चिउरासँग मुछेर खाएँ । खुब मिठो लाग्यो । त्यसपछि कोठामा आएर एक गिलास कफी बनाएर खाएू ।

आज दुई बजेदेखिनै लोडसेडिंग भएको थियो । कोठामा अँध्यारो छ । त्यसैले किताब लिएर बाहिर गएँ । ग्राउण्डमा घाम तापेर किताब पढ्न लागें।

४ बज्यो । म किताब बन्द गरेर घुम्न थालें । आधाघण्टा घुम्दा मलाई थकाई लाग्यो । म मन्दिर प्रांगणमा एक छिन सुस्ताएँ । त्यहीबेला ओमशान्तिमा आउने स्वयम्भूको तासी गुरुंगले सर्वोच्च अदालतबाट सफाई पायो भन्ने खवर सुनें । अघि उहाँको छोरा आएको थियो । समय सकियो भनेर भेट्न दिएन रे । उहाँको छोरा भोलि बिहान आउँछु भनेर गयो । तासी दाइ बाहिर कहिं पनि भेटेन । आफ्नो साथीले सफाई पाएको खबर सुनेर खुशी लाग्यो । नेपालको कानून कस्तो कानून ? जिल्ला अदालतले उहाँलाई १५ वर्षको कैद सजायँ सुनाएको थियो । पुनरावेदनमा जाँदा जिल्ला सदर गरेछ ।

त्यसपछि सर्वोच्चमा गएको थियो । एउटा मुद्दा छिन्न १२ वर्ष लाग्यो । अब उसले सफाई पाएर के गर्ने ? उसको जीवनको बाह्र वसन्त खेर गयो । उसको जिन्दगीको अमूल्य समय १२ वर्षको हर्जाना कसले दिन्छ ?

त्यसपछि परमेश्वर राउट भेट भयो । उहाँको पनि वकिल शम्भु थापानै रहेछ । उहाँले सूचना दियो "वरिष्ठ अधिवक्ता शम्भु थापाको छातीमा हिजोमात्र पेश मेकर राख्यो । अब एक महिनापछि मात्र उहाँले काम गर्न सक्नु हुन्छ । मेरो पनि २४ गते सर्वोच्चमा पेशी छ । उहाँले बहस गर्न नसकुन्जेल पेशी सार्न लगाउनु पर्छ ।" यो कुर ा सुनेर मेरो मन खिस्रिक्क भयो । अब मेरो पनि पेशी सार्छ होला । उहाँकै बहसको आधारमा मैले सामान्य तारिखमा छुट्न पाउँछु कि भन्ने आशा थियो । अब त्यो आशा पनि रहेन । यस्तै किसिमले मेरो दिन बित्यो । ९.४५ बजे म सुतें । *क्रमश.....*

आवश्यकता

यस मङ्गल उ.मा.वि/बहुमुखी क्याम्पसको लागि साधारण लेखपढ गर्न जान्ने इमान्दार २ जना पियनको तुरुन्त आवश्यकता भएकोले २०६९ श्रावण १९ गते शुक्रवार भित्र विद्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ ।

सम्पर्क: मङ्गल उच्च मा.वि./बहुमुखी क्याम्पस

नयाँबजार, कीर्तिपुर-३, फोन ४३३०५४४

कीर्तिपुरमा सम्पदा क्षेत्र सर–सफाई अभियान

लाइन्स क्लब अफ कीर्तिपुरको संयोजनमा कीर्तिपुर नगरपालिकाको प्रमुख सहयोगमा कीर्तिपुर सम्पदा क्षेत्र सर सफाई अभियान गत मंगलवार साउन १६ गते देखि सुरु भएको छ ।

मंगलवार कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठले एक समारोह वीच उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा महानगरिय प्रहरी प्रभाग कीर्तिपुरका प्रहरी निरिक्षक ज्ञानकुमार महतो समेतले कार्यक्रमको महत्व बारे बोल्नु भएको थियो ।

उक्त अभियानका सहोयोगी संस्थाहरूमा कीर्तिपुर नगरपालिका जात्रा पर्व समिति, कीर्तिपुर क्षेत्र पर्यटन विकास समाज, कीर्तिपुर स्वयंसेवक समाज, मच्छेनारायण क्षेत्र विकास कोष, महानगरिय प्रहरी प्रभाग कीर्तिपुर, दक्षिण भेगिय निजी तथा आवासिय विद्यालय संगठन र पेट्सान रहेका छन् ।

एक वर्ष सम्म विभिन्न स्थानमा सो अभियान संचालन गरिने छ । सो अभियानका लागि वाघभैर वर वचत तथा ऋण सहकारी संस्था लि. ले ५ वटा डष्टविन उपलब्ध गराइएको थियो । उक्त अभियानको खर्चका लागि ७० प्रतिशत कीर्तिपुर नगरपालिकाले र ३० प्रतिशत लाइन्स क्लबले ब्यहोर्ने जनाइएको छ । आउने श्रावण २७ गते मच्छेनारायण स्थानमा सरसफाई गरिने भएको छ ।

हरिदाइको सम्झनामा

२०३५/३६ को जनआन्दोलन पछि प्रगतिशील सांस्कृतिक अभियानहरु चल्न थालेको थियो । म पनि संगीत प्रेमीको हिसावले प्रगतिशील जनसंगीततिर मेरो ध्यान तान्यो । कीर्तिपुरमा पनि जन सांस्कृतिक कार्यक्रमको लहर नै लाग्यो। त्यसताका कार्यक्रमकै दौरानमा सिम्मा गीति नाटकको रचनाकार तथा संगीतकार रायनसँग परिचय गर्ने मौका पाएँ । उहाँसँग गीत संगीत प्रशिक्षण लिन इतुम्बहालको किसान नेता सानुभाइको घरमा पुगे । त्यही क्रममा सिम्मा गीति नाटकको रिहलसल हेर्न जाने क्रममा हरिदाइसँग पनि परिचय भयो । सिम्मा गीति नाटकको प्रदर्शन गर्नका लागि कीर्तिपरका धेरै साथीहरुको सहयोगी भूमिका रह्यो । हरिदाइसंग सामान्य परिचयमा मात्र सिमित भएन यता कीर्तिपुरमा पनि सिम्मा गीति नाटक प्रदर्शन भएपछि त्यस्को निकै प्रभाव पऱ्यो वैचारिक हिसावको संगै कलात्मक रुपले पनि म आफै पनि निकै प्रभावित भएँ । २०३८ सालको सिम्मा प्रदर्शन एकेडेमीमा हेर्दा सिनेमा हेरे जस्तै रंगम१चमा हेर्न पाएको थियो । त्यसैक्रममा कीर्तिपुरमा पनि एउटा सांस्कृतिक परिवार बन्यो। जस्लाई प्रतिभा सांस्कृतिक परिवारको नामबाट गठन हुन पुग्यो । त्यस परिवारले विशेष गरी गाईजात्राको अवसरमा कार्यक्रम निर्माण गरी कीर्तिपुर पाँगा, नगाउँ लगायत वरपर धेरै ठाउँमा प्रगतिशी सांस्कृतिक कार्यमहरू पदर्शन हुन्थे । अतिथि कलाकारको रुपमा वेदना सांस्कृतिक परिवारका साथीहरु पनि सहभागी हुन्थे । जून संस्थाले सिम्मा पदर्दन गरे । वेदना परिवारका साथीहरूलाई हरिदाइले नृत्यहरू सिकाउँथे ।

२०३५/०३६ को आन्दोलन पछि थुप्रै ठाउँमा जनसांस्कृतिक टोलीहरु निर्माण हुन थाल्यो। ०३५/०३६को आन्दोलनको रापताप विस्तारै घट्दै गएपछि त्यसताकाका पंचायती शासकहरुले जनसांस्कृतिक कार्यक्रमलाई निशेधित गर्दै ल्याए । त्यसबेला हुने कार्यक्रमहरु पंचायती व्यवस्था विरोधीको रुपमा सांस्कृतिक कार्यक्रम हुने गर्दथ्यो । यसरी ठाउँठाउँमा सांस्कृतिक परिवारहरु छरिएर रहेका कार्यक्रमहरुमा दमन हुँदै जाँदा कलाकारहरुले देशभरिकै परिवारहरु मिलेर एउटा ठूलो कलाकारहरुको संगठन आवश्यक महसुस भयो। २०४४ साल चैत्र २० गते कीर्तिपुर मा नै गोप्यरुपमा इन्द्रेणी सांस्कृतिक समाज गठन भयो। जस्मा रायन श्रेष्ठको नेतृत्वमा र मानार्थ अध्यक्षमा पारिजात रहनु भयो । विभिन्न ठाउँहरुको परिवारहरु विघटन गरी इसासाको शाखाहरु निर्माण गरियो। जसमा सहभागी सांस्कृतिक परिवारहरु– वेदना, क्षितिज, जुनेली, कीर्तिपुर का प्रतिभा परिवार विभाजित भएर जनसांस्कृतिक दबू भएको थियो। लगायत धेरै परिवारहरु समावेश भए । इसास गठनपछि संगठित रुपमा कार्यक्रमहरु निर्माण गर्ने क्रममा हरिदाइसँग भेटघाट बाकलिदै गयो। विस्तारै हरिदाइले कीर्तिपुरका कलाकारहरुलाई पनि नृत्य प्रशिक्षण गर्दै आउनु भयो । जुनबेला कलाकारहरुको संयोजन मैले गर्दै आएको थिएँ। हरिदाइले कीर्तिपुरमा धेरै राम्रा कलाकारहरुको सम्भावना देख्नुभयो र प्राथमिकत दिदै जानुभयो। हरिदाइले जस्तोसुकै प्रगतिशील गीतहरु होस उहाँले वैचारिक भावपूर्ण निर्देशन दिनु हुन्थ्यो।

२०४६/०४७ सालको जन आन्दोलनपछि पुनः सिम्मा प्रदर्शन गर्नको लागि कलाकारहरुको जमघट हुन थाल्यो र एकेडेमीमा टिकट शो कार्यक्रमको तयारी भयो त्यसमा कीर्तिपुरका कलाकारहरु पनि सहभागी भए। त्यस विविध सांस्कृतिक कार्यक्रममा कीर्तिपुरका कलाकार हरुको क्षमता मिहेनत आदिबाट हरिदाइ पनि प्रभावित हुन पुग्यो । पछि सिम्मा गीति नाटक प्रदर्शनको तयारी सिलसिला चल्न थाल्यो । सिम्मा गिती नाटकको कलाकारमा कीर्तिपुरका कलाकारहरु पनि समवेश भयो । त्यसपछि त हरिदाइसंग घनिष्ठता निकै बढ्यो । त्यसमा संयोजनको भूमिका मेरै निरन्तरतामा चल्यो । त्यहीकारणले हरिदाइ र मेरो पारिवारिक सम्बन्ध जस्तै हुनपुग्यो ।

२०४८ सालको सिम्मा गीति नाटकमा नायकको भूमिका दिलवहादुर महर्जन चिरीले गरेका थिए भने सहायकको भूमिकामा रबि महर्जन र सुनिल महर्जनले गरेका थिए। कलाकारको मात्र कहाँ भूमिका रह्यो र एकेडेमीमा २५ पटकको प्रदर्शनीमा व्यवस्थापनको भूमिकामा समेत कीर्तिपुरका साथीहरुको अग्रणी भूमिका रह्यो। साथै रंगमंच सिंगारको मामिलामा पनि कीर्तिपुरका साथीहरुको भूमिका राम्रोरह्यो जसमा कमलेश महर्जन र संघराम महर्जनको भूमिका प्रशंसनिय रह्यो । त्यसपछि त हरिदाइले कुनै कार्यक्रम गर्दा कीर्तिपुरका कलाकारहरु विना कार्यक्रमहरु नै सोच्नु भएन। हरिदाइको नजर ज्यादा कीर्तिपुरमा रहन गयो । किनकी इसास कीर्तिपुरमा सबैजसो विधाका कलाकार हरुको उपस्थिति रह्यो। उहाँले धेरै भन्दा धेरै आफूमा भएको कलाशिप प्रदर्शन गर्नमा सफल हुने ठाउँका रुपमा कीर्तिपुरलाई लिनुभयो । इसासका शाखाहरु त धेरै थिए तर पनि उहाँले कीर्तिपुरलाई नै विशेष प्राथमिकता दिनुभयो । कीर्तिपुरलाई नै प्राथमिकता दिनुको कारण धेरै विधाका साथीहरु उपलब्ध हुनु हो जसमा संगीत, नाटक, नृत्य, प्रहसन, वाद्यवादन लगायत व्यवस्थापकीय क्षमताका साथीहरु मौजुद थिए । हुँदा हुँदा हरिदाइ कीर्तिपुरको अभिन्न अंग हुनपुग्यो ।

२०४८ सालको सिम्मा गीति नाटक एकेडेमीमा २५ सो पछि पोखरामा ३ सो गर्दा पनि कीर्तिपुरका साथीहरुको भूमिका रह्यो । त्यसपछि फेरि एउटा अर्को गीति नाटक 'कहाली' जुन एड्स सम्बन्धि थियो । त्यसलाई सिंगै कीर्तिपुर इसासले नै निर्माण गऱ्यो । जसको रचना संगीत रायन कै थियो । २०४९ सालमा कहाली गीति नाटक एकेडेमी मै प्रदर्शन भयो । हरिदाइ कीर्तिपुरमा आउने जाने क्रम निकै बाकलियो । कीर्तिपुरका कलाकार साथीहरूलाई नृत्यको सैद्धान्तिक कुराहरू लगायत शास्त्रिय नृत्यहरू पनि प्रशिक्षण दिनुभयो । भरत नाट्यम चर्या लगायत थुप्रै लोकनृत्यहरू प्रशिक्षण गरी कीर्तिपुरका कलाकारहरूलाई सक्षम बनाउनु भयो । इसास कीर्तिपुरको टीम राम्रो हुँदै गएको देन निश्चीत रुपमा हरिदाइलाई जान्छ ।

हरिदाइद्वारा निर्देशित नृत्य/अपेरा आदि लिएर २०५० साल र ०५२ सालमा सांस्कृतिक अधियान लिएर पूर्वाञ्चलका विभिन्न जिल्लाहरूमा थुप्रै कार्यक्रमहरू प्रदर्शित भए। जसमा हरिदाइको प्रत्यक्ष संलग्नता रह्यो। सांस्कृतिक अभियानको दौरानमा नयाँ नयाँ प्रस्तुती पनि बढ्दै गए । २०५२ सालमै नेपालभाषा मंकाः खलःको नेतृत्वमा सिक्किममा पनि नेपालभाषाको कार्यक्रम प्रदर्शन गर्न गयौं। त्यसपछि इसास केन्द्रिय आयोजनामा २०५३ सालमा शरद पौडेलको रचना र संगीतको बुहारी गीति नाटकको तयारी भई एकेडेमीनै प्रदर्शन भयो। त्यसमा पनि कीर्तिपुरका कलाकारहरूको अग्रणी भूमिका रह्यो । यसरी एकपछि अर्को कार्यक्रमहरू तयार गर्ने सिलसिलामा २०५७ साल श्रावणमा फेरि नेपाल भाषाको कार्यक्रम तयार भयो । जुन कार्यक्रममा एकल रचनाकार दुर्गालाल श्रेष्ठको लसयहंगु विरोध र विविध सांगीतिक कार्यक्रम भयो। जसमा मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य पनि अतिथी कलाकारको रुपमा सहभागी भएका थिए । उक्त कार्यक्रम पनि एकेडेमीमा नै प्रस्तुत भएको थियो। लगातारको प्रशिक्षण तथा प्रस्तुतिले इसास कीर्तिपुरका कलाकारहरूले हरिदाइलाई सम्मान गर्नु पर्ने प्रस्ताव आए । त्यसैलाई मनन गरी इसास कीर्तिपुरले २०६० साल माघ १७ गते 'जननृत्य गुरु'को उपाधीले सम्मान गऱ्यौं।

हरिदाइ अत्यन्तै नृत्यकलाका धनि हुन उहाँमा धेरै प्रतिभाहरू छन। २०५९ सालमा उहाँलाई पक्षाघात भयो। कलायात्रामा अवरोध भयो। उहाँमा भएको नृत्यशीपहरू धेरै हस्तान्तरण हुन सकेन। उहाँले इसास कीर्तिपुरका एक दर्जन भन्दा बढी कलाकारहरूलाई नृत्य प्रशिक्षक निर्माण गर्नुभयो। यहिनै एउटा सशक्त कला लगानी इसास कीर्तिपुरमा गर्नुभयो।

जन नृत्यगुरुको उपाधिले सम्मान गरेदेखि इसास कीर्तिपुरले प्रत्येक वर्षको गुरु पूर्णीमामा उहाँलाई विशेष सम्मान गर्दै आयौं र यस वर्ष २०६९ असार १९ को गुरु सम्मान अन्तिम हुन पुग्यो । उहाँ २०६९ असार ३० गते 'ब्रेन हृयामरेज' भएर अचेत अवस्थामा साउन ५ गते हामीबाट सदाको लागि विदा हुनुभयो । उहाँको सम्झनामात्र छाडेर जानुभयो। यस दुःखद घडीमा उहाँलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

– वीरप्रसाद भन्सारी,
अध्यक्ष इन्द्रेणी सांस्कृतिक समाज (इसास) कीर्तिपुर

आवश्यकता सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०६९/४/१०)

कीर्तिपुर नगरपालिकाको संरक्षकत्वमा सामुदाय स्तरमा कीर्तिपुर सामुदायिक स्वस्थ्य केन्द्रवाट संचालित जन–पोलिक्लिनिक, कीर्तिपुरमा निम्ननुसारका केही जनशक्ति सेवा करारमा पदपूर्ति गर्नु परेको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरि कहरूवाट दखास्त आह्वान गरिन्छ। दरखास्त आगामि २०६९ श्रावन २५ गते भित्र वुझाउनु पर्नेछ।

क्र. सं.	पद	आवश्यक शैक्षिक योग्यता	उमेर समूह	कैफियत
१	व्यवस्थापक	व्यवस्थापनमा स्नातक तह उतीर्ण वा मेडिकल सम्वन्धि अनुभव	१९–४०	अनुभवलाई ग्राह्यता
२	ल्याव टेक्निसियन	ल्याव टेक्निसियन तह उतीर्ण	१९–४०	अनुभवलाई ग्राह्यता

आफ्नो लिखित निवेदन साथ आवेदनकले निम्न काजजागत सहित रु १०० शुल्क (फिर्ता नहुने गरी) संस्थाको कार्यालय जनपोलिक्लिनिक, कीर्तिपुर–१७ नयाँ बजार मा बुझाउनु पर्नेछ। आवेदकहरूले आवश्यकता अनुसार अन्तर्वार्ता वा प्रयोगात्मक परीक्षा वा दुवै संचालन गरिनेछ । कीर्तिपुर नगरपालिका भित्रका नेपालभाषा बोल्नेलाई छनौटमा प्राथमिकता दिईनेछ । छनौट गर्ने सम्वन्धमा संस्थाको निर्णय अन्तिम हुनेछ ।

क) व्यक्तिगत विवरण (CV)
ख) नेपाली नागरिकताको प्रणाम पत्र
ग) शैक्षिक योग्यताको प्रमाण पत्र
घ) तालिम तथा अनुसन्धानको प्रमाण पत्र

कीर्तिपुर सामुदायिक स्वस्थ्य केन्द्र
कीर्तिपुर, नयाँ बजार
फोन नं ४३३२८३०
kchcentre@hotmail.com

Congratulation of all B.B.S. 3rd Year Graduates, 2069

7010001 Anisha Maharjan
7010002 Asmita Neupane
7010003 Baburam Panthi
7010004 Bikash Gautam
7010005 Bikash Lamichhane
7010009 Kushal Bhattrai
7010010 Laxmi Ku. Poudel
7010011 Madan Khanal
7010015 Narayan Upreti
7010016 Narendra Bajracharya
7010017 Narendra Maharjan
7010018 Nikisha Maharjan
7010020 Rajiv Maharjan
7010022 Rashmila Maharjan
7010023 Reena Maharjan
7010024 Rista Tandukar
7010025 Sanju Subedi
7010027 Uttam Khanal

Mangal Multipurpose Campus
Naya bazar, Kirtipur–3, Phone: 4330544

स्व. शुभशान्ति लुमन्ति खलःको स्थापना

नेपालभाषाको साहित्यकारको साथै नाटक निर्देशक स्वर्गिय शुभरत्न "शान्ति' बज्राचार्यको सम्मान गर्नको लागि अक्षयकोष स्थापना गर्नको लागि स्व.शुभशान्ति लुमन्ति ग्वाहालि खलः स्थापना गरिएको छ । त्यस अक्षयकोषको सल्लाहकारमा भाषासेवी एवं संस्कृतविद सत्यमोहन जोशी, प्राज्ञ प्रचण्ड मल्ल, संयोजक भूपू राज्यमन्त्री दिलिप महर्जन, सदस्यहरूमा रामकृष्ण धिना, हिरावहादुर महर्जन, बज्रमुनि बज्राचार्य, सुरेन्द्र तुलाधर, सर्मिला सुवाल र सिद्धिमान महर्जन हुनुहुन्छ । त्यस संस्थाबाट उहाँको सम्झनामा साहित्यिक सम्मान गर्नको लागि पैसा जम्मा गर्न यही आउने श्रावण २२ गते नेपालभाषा एकेडेमी हलमा विहानको ७.३० बजे श्रद्धाञ्जली सभा गर्ने र उहाँले निर्देशन गर्नु भएको नाटक 'लाखे क्वःथैगु' कीर्तिपुरमा प्रदर्शन गर्ने निर्णय गरेको छ । अक्षयकोष स्थापना गर्नको लागि सबैले आर्थिक सहयोग गर्न पनि अनुरोध गरिएको छ ।

शहिद स्मारक क्याम्पसमा रक्तदान उत्प्रेरणा तालिम

रिदी भन्सारी

ने.रे.सो कीर्तिपुर उपशाखा अन्तर्गत रहेको शहिद स्मारक युथ रेडक्रस सर्कलद्वारा २०६९ श्रावण १३ गते शनिवार शहिद स्मारक कलेजमा रिना शाहीको संयोजकत्वमा रक्तदान उत्प्रेरणा तालिम सञ्चालन गरियो ।

उक्त तालिममा २४ जना सहभागिहरूलाई रिना शाही, कविन्द्र कार्की, लक्ष्मीकुमारी महर्जन र रक्तरसंचार केन्द्र काठमाडौंका उपनिर्देशक ऋषी रमन खनाल, अतिथि ने.रे.सो कीर्तिपुर उपशाखाका सभापति हर्षमान महर्जन, शहिद स्मारक कलेजका क्याम्पस प्रमुख तथा शहिद स्मारक युथ रेडक्रस सर्कलका शिक्षक नायकको सहभागितामा समापन कार्यक्रम सम्पन्न गरियो । जसमा प्रमुख अतिथि श्री आकर्षण प्रधानद्वारा रगतको महत्वलाई प्रष्ट्याउनुका साथै हाम्रो कीर्तिपुरमा पनि रक्तसञ्चार केन्द्रको महत्व रहेको कुरा उल्लेख गर्दै अहिलेका युवा वर्गलाई त्यसकार्य प्रति लाग्न उत्प्रेरणा प्रदान गर्दै प्रमाणपत्र वितरण गर्नु भयो भने क्याम्पसका क्याम्पस प्रमुख मिलन महर्जनद्वारा आफ्ना विद्यार्थीहरूलाई सामाजिक क्षेत्रमा सक्रिय भएर कार्य गर्न आग्रहका साथै बधाइ दिदै कार्यक्रम समापन गर्नुभयो ।

लँ च्वना दिसँ

जनकवि दुर्गा लाल श्रेष्ठया च्वसाय् गुज्जे मालाकारया लसय् नेवाः म्ये म्यूजिक भिडियो "झी नेवाः" मंगल उच्च मा.वि. किपूया स्वर्ण जयन्तिया लसताय् ध्वहे ला दुने पिथने त्यंगु दु ।

पिकाकः मंगल उच्च मा.वि, किपू –३

नगरपालिकाद्वारा प्रमाणपत्र वितरण



कीर्तिपुर नगरपालिकाले महिला लक्षित विभिन्न तालिममा सहभागी भएका कीर्तिपुर नगरपालिका वडा नं. १ देखि १९ सम्मका प्रशिक्षार्थी महिलाहरूलाई गत सोमवार साउन १५ गते एक समारोह वीच प्रमाणपत्र वितरण गरियो ।

कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठको सभापतित्वमा भएको सो समारोहमा प्रमुख अतिथि पूर्व राज्य मन्त्री दिलिप महर्जन हुनु भएको थियो । नगरपालिकाका लेखा अधिकृत सानुवावु परियारले स्वागत मन्तव्य दिनु भएको सो कार्यक्रममा तालिम सम्वन्धि प्रतिवेदन सहजकर्ता ई. अमर श्रेष्ठले प्रस्तूत गर्नु भएको थियो । तालिममा सहभागीहरू मध्येवाट कल्पना कार्की, प्रशिक्षकको तर्फवाट प्राकृतिक स्वास्थ्य तालिमका प्रशिक्षक लक्ष्मण पुरी र होजियरी प्रशिक्षक सविता महर्जनले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । चन्द्रमाया महर्जनले संचालन गर्नु भएको सो कार्यक्रममा कीर्तिपुरमा क्रियाशिल विभिन्न राजनीतिक दलका प्रतिनिधि, नेवाः स्वायत्त राज्य मंकाः परिषद्, नागरिक सरोकार केन्द्र लगायतका प्रतिनिधिहरू पनि सहभागी भएका थिए ।

नगरपालिकाले कीर्तिपुरका महिलाहरूलाई सक्षम बनाउन उद्घोषणदेखि, नेतृत्व विकास, होजियरी, सिलाई बुनाई, ब्यूटिपार्लर, च्याउ खेती, बेकरी लगायत १५ वटा तालिम संचालन गरिएको थियो ।

नि–कोरिया क्लिनिकद्वारा निःशुल्क स्वास्थ्य शिविर

गत शनिवार किपू युवा रेडक्रस सर्कलको आयोजनामा सन स्टार क्लबको प्रागङमा नि–कोरिया क्लिनिकले नशा रोग सम्वन्धि निःशुल्क स्वास्थ्य शिविर संचालन गरियो ।

एक दिने सो शिविरमा डा. आन हि हानले स्वास्थ्य परिक्षण गर्नु भएको थियो । शिविरमा ९० जनाले स्वास्थ्य परिक्षण गराएकोमा ५० जना जति पुरानै नशा रोगी भेटिएको क्लिनिकका प्रवन्धक विनोद कुमार दाहालले जानकारी गराउनु भएको छ । नि–कोरिया क्लिनिकले आउदो साउन २० गते युवा जनकल्याण समुह चोभारको आयोजनामा चोभारको आदिनाथ मन्दिर प्रागणमा निःशुल्क नशा सम्वन्धि स्वस्थ्य शिविर संचालन गरिने भएको छ ।

जननृत्य गुरु दर्शनधारीको श्रद्धाञ्जली सभा



२०६९ श्रावण १३ गते पर्यटन बोर्ड भृकुटि मण्डप, काठमाण्डौंमा श्रद्धेय हरिकृष्ण दर्शनधारीको श्रद्धाञ्जली सभा सम्पन्न भयो । ब्रेन ह्यामरेजको कारणले काठमाण्डौं मोडेल अस्पतालमा उपचार गर्दा गर्दै श्रावण ५ गते विहान वहाँको निधन भएको थियो । रामकृष्ण महर्जनद्वारा सन्चालित इन्द्रेणी सांस्कृतिक समाज कीर्तिपुरको आयोजनामा सम्पन्न भएको उक्त श्रद्धाञ्जली सभामा इन्द्रेणी सांस्कृतिक समाजका संस्थापक अध्यक्ष रायन श्रेष्ठले सभापतित्व गर्नुभयो । यस कार्यक्रममा हरिकृष्ण दर्शनधारीसंगसंगै काम गरेका वरिष्ठ व्यक्तित्वहरू इसास संस्थापक महासचिव हरिगोविन्द लुईटेल, इसासका वर्तमान अध्यक्ष वीर प्रसाद भन्सारी, एनेकपा माओवादी सांस्कृतिक इन्चार्ज निनु चापागाईं, नेकपा एमाले साँस्कृतिक विभाग सदस्य माधव प्रधान, इसासका संस्थापक कोषाध्यक्ष वदन शर्मा, जन गीतकार कवी दुर्गालाल श्रेष्ठ, राजनितिक विश्लेषक तथा नागरिक अगुवा श्याम श्रेष्ठ, वरिष्ठ जनकलाकार रामेश श्रेष्ठ, प्रभात मा.वि.का भु.पु प्र.अ. नाती महर्जन, एकिकृत जनसांस्कृतिक महासंघ केन्द्रीय कार्यालय सदस्य वलराम तिमिल्सिना, रक्तिम साँस्कृतिक परिवार सदस्य जीवन शर्मा, एनेकपा माओवादी स्थायी समिति सदस्य अमिक शेरचन लगायत अन्य कलाकार, शुभचिन्तक तथा वहाँका परिवारजनहरूको उपस्थिती रहेको थियो ।

कार्यक्रममा वहाँलाई नजिकबाट हरि दाई भनेर चिन्ने सम्पुर्ण महानुभावहरूले वहाँको जीवन असाध्यै सरल, मेहनती, कम बोल्ने बढी काम गर्ने, विनम्र स्वभावको, सधै देशमा भइरहेको उत्पिदनलाई साँस्कृतिक फाँटबाट विरोध गर्न अघि बढ्ने, सबैलाई सम्मान व्यवहार गर्ने, कुनै कुरामा घमण्ड नगर्ने, आफ्नोबारे अरुप्रति कुनै गुनासो नगर्ने, सबैको लागि दिन मात्र अघि बढ्ने एक कुशल नृत्य निर्देशकको रुपमा सम्झना गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भयो ।

अन्तमा इसासका संस्थापक अध्यक्ष रायन श्रेष्ठले वहाँलाई कहिल्यै विर्सन सक्दैनौ भन्दै शोकाकुल परिजनमा हार्दिक समवेदन प्रकट गर्दै कार्यक्रमको समापन गर्नु भयो ।

हार्दिक श्रद्धाञ्जली

जन्म:
२०५२ मंसिर २७ गते



स्वर्गारोहण :
२०६९ श्रावण ११ गते

स्व. सौहार्द महर्जन

यस विद्यालयका सहायक लेखापाल श्रीमती शोभा महर्जनकी सुपुत्र **सौहार्द महर्जन**को यहि श्रावण ११ गते १७ वर्षको अल्पायुमा असामयिक स्वर्गारोहण भएको आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति भावपुर्ण समवेदना प्रकट गर्दछौं ।

पाँगा माध्यमिक विद्यालय

शहिदपथ कीर्तिपुर– ९
फोन ४३३००६९



ओ ! Sir..हजुर कता ?
जरीवाना तिर्ने बैंक यता ! !

'घुम्ने मेचमा बस्ने अन्धो मान्छे'



ब्यंग सन्देश

सरोज कुमार महर्जन

भूपिशेरचनको 'घुम्ने मेचमा बस्ने अन्धो मान्छे' कविताको एक हरफले आजको बस्तुपरिस्थितिलाई पनि उतिकै व्यंग्य गरेको छ। घुम्ने मेचमा बस्ने हाकिम किन अन्धो हुन्छ ? उसको आँखाले देखेकै हुन्छ। आँखाको दृष्टिमा कुनै समस्या भए चश्मा पनि लाएकै हुन्छ। हरेक कार्यालयमा घुम्नेमेच हुनै पर्ने र घुम्ने मेचमा बस्ने हाकिम सायव पनि हुनै पर्ने तर घुम्ने मेचमा बस्दा मान्छे किन अन्धो हुन्छ ? यो भने अनुसन्धानकै विषय बनेको छ। हुन सक्छ, घुम्ने मेचमा बस्दा आफनो शक्ति कति छ भनी मापन गर्ने होला , या घुम्ने मेचमा बस्दा राम्रो राम्रो भाग, कमिशन, सुविधा मात्र देख्ने भएर होला । आफू त ठूलो मान्छे सानालाई पेल्नु पर्दछ। काम गर्ने भन्दा चाकरी गर्नेलाई प्रशय दिनु पर्दछ। आफ्नो गुणगान गर्नेलाई राम्रो पद दिनु पर्दछ भन्ने सोच आउने होला। घुम्ने मेचमा बस्दा कसैलाई पाखा, कसैलाई काखा गर्न पनि मन लाग्दो होला। 'काम गर्ने कालु मकै खाने भालु' भन्ने उख्खानलाई व्यवहार मा लागु गर्न मन लाग्छ होला। घुम्ने मेचमा बस्दा 'आफनो हात जगन्नाथ गर्न' मन पनि लाग्दो होला । त्यसैले पनि होला, घुम्ने मेच नेपालमा शक्तिशाली भएको छ।

यहाँ प्रसंग उठ्छ, आजकल त घुम्ने मेच प्रायले किन्न सक्छ। घुम्ने मेचमा बसेर काम गर्दा आनन्द पनि आउँछ।

घुम्ने मेचमा बसेर वरिपरि हेर्न पनि सजिलो हुन्छ र फर्कन पनि। तर यहाँ मैले प्रसंग उठाउन खोजेको सामान्य घुम्ने मेच हैन वा भूपि शेरचनले पनि सामान्य घुम्ने मेचमा बसेर काम गर्ने मान्छे अन्धो हुन्छ भन्न खोजेको पनि पक्कै हैन होला।

यहाँ त घुम्ने मेचमा बस्दा गाउँ नै आफनो ठान्ने, नगर नै आफनो ठान्ने, जिल्ला नै आफनो ठान्ने र देश नै आफनो ठान्ने, आफूले गरे जे पनि हुने, अरुले जे गर्न खोजे पनि नहुने ठान्ने प्रवृतिले घर गरेको कारणले नै हो । कूर्चीमा बस्ने जनताको सेवक हैन, जनताको मालिक ठान्ने, देशको नानाथरीका राजनीतिक रंगका मानिस भन्दा आफ्नो शुद्ध विचारका मानिसहरूलाई प्रशय दिने, ठाउँ दिने, पद दिने, कमिशन दिने, भत्ता दिने, भ्रमण गराउने जस्ता सुविधा दिन पाएमा आफू पनि ठूलो मान्छे मानिरहने र आफनो मान्छेले घुम्ने मेच वरिपरि बसेर खान पनि पाउने भएर पनि होला। सबैले शक्तिशाली प्रधानमन्त्रीको घुम्ने मेच ताक्ने, ओजनदार मन्त्रालयहरूका कूर्ची ताक्ने, राजस्व कर कार्यालय, भंसार कार्यालय, केही पनि पाएन भने स्थानीय निकायका प्रमुखका कूर्चीहरू भए पनि ताक्ने गरेका छन्।

आखिर घुम्ने मेचमा बसेर ठूलो मान्छै हुने पक्कै हैन। घुम्ने मेचमा बसेर जनताको सेवा गर्नु ठूलो कुरो हो। घुम्ने मेचमा बसेर सबैलाई न्याय गर्नु, काम अनुसार मूल्याङ्कन गर्नु, मूल्याङ्कन अनुसार प्रमोशन र डिमोशन गर्नु पनि घुम्ने मेचमा बस्ने मान्छेका काम भित्र पर्दछ। घुम्ने मेचमा बसेर पदको सदुपयोग गर्नु, सबैलाई जिम्मेवारी बाँडफाँड गरी कार्यालयको प्रगति गर्नु, सबै कर्मचारीहरूको अभिभावक हुनु खोज्नु पर्दछ । जनसरोकार हुने कार्यालयका घुम्ने मेचमा बस्नेहरू जहिले पनि जनताको समस्यालाई तत्कालै समाधान खोजी दिनु पर्दछ, जनसरोकारका विषयलाइ सुनुवाइ गरिदिनु पर्दछ । घुम्ने मेचमा बस्ने मान्छेले जनताको काम गर्न, कामदारको समस्या र मर्कालाई बुझ्नु आवश्यक हुन्छ । घुम्ने मेचमा बस्ने मान्छे अन्धो हुन्छ भन्ने भूपि शेरचनको कवितालाई उल्टाइ दिनु पर्दछ। घुम्ने मेचमा बस्ने मान्छे निश्कलंक हुनु पर्दछ। घुम्ने मेचमा बस्ने मान्छे नियम कानून मिलाएर दाताराम बन्नु पर्दछ । घुम्ने मेचमा बस्ने मान्छे आफै मागेर खानु राम्रो हुँदैन, आफै लुकाएर खानु राम्रो हुँदैन । घुम्ने मेचमा बस्ने मान्छे पारदर्शी हुनु पर्दछ । आफनो संस्था र कार्यालयको हिसाव किताव खूल्ला किताव सरी सबैले पढ्न पाउनु पर्दछ , हेर्न पाउनु पर्दछ। हैन भने घुम्ने मेचमा बस्ने मान्छे सधैं अन्धो हुन्छ। कि कसो ?

अफिस, पसल, सहकारी र अन्य कार्यालयको लागि आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, रजिस्टर लगायत सम्पूर्ण अफिस सामग्री (स्टेशनरी) सुपथ मुल्यमा उपलब्ध छ।

किपू वुक प्वइण्ट

कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५

सुलभ र गुणस्तरीय शिक्षा हिलटाउनको विशेषता

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

२०६८ सालको एसएलसी परीक्षामा विशिष्ट श्रेणी सहित शत प्रतिशत उत्कृष्ट नतिजा ल्याउन सफल यस

हिलटाउन इन्टरनेशनल उच्च मा.वि.मा प्लस टु विज्ञान र व्यवस्थापन विषयमा नयाँ भर्ना खुल्यो।

सीट सिमित भएकोले समयमै सम्पर्क राखी आफ्नो सीट सुरक्षित गर्नुहोस ।

हिलटाउन इन्टरनेशनल उच्च मा.वि.

बाघभैरवस्थान, कीर्तिपुर –१

फोन नं. ४३३१७३९, ४३३१४०७

एस.एल.सी. २०६८ मा उतीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई

हार्दिक बधाई

साथै उतीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

कक्षा ११ मा

- व्यवस्थापन
- शिक्षा
- मानविकी

भर्ना खुल्यो

प्राचार्य

जनसेवा उच्च मा.वि.

पाँगा, कीर्तिपुर -१२,

फोन : ४३३०८८०

आदिवासी जनजाति राजनीतिक सम्मेलनको अवधारणा पत्र

(२०६९ असार २० र २१ गते काठमाडौंमा भएको आदिवासी जनजातिको राजनीतिक सम्मेलनले तयार पारेको अवधारणा पत्र क्रमश: यहाँ प्रस्तुत गरिने छ –सं)

नेपाल आदिवासी जनजाति महासंघको आयोजनामा असार २०–२१ मा एस.आर.क्याटरीङ्ग धुम्बाराही काठमाडौंमा आयोजित "आदिवासी जनजाति राजनीतिक सम्मेलन"मा प्रस्तुत अवधारणा पत्र:

विषयवस्तु :

१) नेपालको वर्तमान राजनीतिक अवस्थाको लेखाजोखा २) आदिवासी जनजाति आन्दोलनको दिशा ३) विद्यमान राजनीतिक समस्याको निकास र आदिवासी जनजाति आन्दोलनको रणनीति ४) वर्तमान राजनैतिक स्थिति र भावी कार्यदिशा :

नेपालको वर्तमान राजनीतिक राज्यसत्ताको लेखाजोखा:

१.१ हालसम्म नबदलिएका राज्यसत्ताको चरित्र : अन्तरीम संविधानले बहुजातीय र बहुभाषिक सामाजिक स्थितिलाई सिद्धान्ततः स्वीकार गरतापनि विभिन्न भाषिक, धार्मिक, सांस्कृतिक र जातीय समुदाय विच समानता दिलाउन सकेका छैनन् बरु परम्परागत सामन्ती शोषणको कुचक्रलाई नै निरन्तरता दिएका छन ।

एक भाषा, एक संस्कृति र एक धर्मको राज्यनीति अहिलेसम्म अपरिवर्तनशील छ । राज्य पूर्णतया जातिवादी आधारमा चलिरहेकै छ। संविधान सभाको निर्वाचनपछि गठित चारवटा कम्युनिष्ट सरकार हरूले राज्यको जातिवादी नीति र संस्कृतिलाई ठोस रुपमा निरन्तरता दिए । यी सरकारहरूले कपटपूर्ण समावेशी नीति अख्तियार गरेर जातिय बहिष्कार गरे । जातिय समुदायभित्रका केही सामन्त तथा बाठाहरूलाई सत्ताको जुडो बांडेर भौतिक प्रतिनिधित्व गराए र समावेशी सत्ताको अभ्यास गरेको ढोंग रच्नपुगे। तर राज्यसत्ताको दूधखीर भित्र बाहुनवादी र त्यसका मतियारहरू बाहेकका समुदायहरूलाई कहिल्यै पनि अर्थपूर्ण सहभागिता गर्न दिएनन् ।

वाहुनवादी बौद्धिक वर्गले अहिले पनि हिन्दूकरणको प्रक्रियालाई र ाष्ट्र निर्माणको प्रक्रियाका रुपमा लिइरहेका छन जुन कि गलत हो। उनीहरूले के कुतर्क गरिरहेका छन भने संस्कृतकरणले विविध संस्कृति भएका नेपालीहरूलाई एकै ठाउँमा बाँधेको छ । यसले विभिन्न समुदायहरूको व्यवहार र मूल्य-मान्यतावीचमा समन्वय ल्याएको छ जसले गर्दा समाजका विविध समूहबीच अन्तरक्रिया सम्भव भएको छ । यसबाट के साबित हुन्छ भने राज्यसत्ताको ढोकामा हिन्दुवादको अघोषित सेन्सर बोर्ड लगाईएको छ र जस्तोसुकै राजनीतिक शक्ति सत्तामा आएपनि हिन्दुवादबाट संस्कारित नभईकन, मनुवाद रुपी छोईछिटो नहालिकन सत्ताघरभित्र पस्न पाउँदैन । कम्युनिष्ट नेतृत्वका सरकारहरू पनि सारमा हिन्दुवाद-मनुवादबाट दिक्षित भएपछि मात्र सत्ताको बडघरमा पस्न पाएको भन्न सकिन्छ ।

१.२. नबदलिएका दलहरूको चरित्र :

राजनीतिक दलहरू घोषित रुपमा एउटा कुरा भन्छन् तर व्यवहार मा अर्कै कुरा गर्दछन् । यसो हुनुको प्रमुख कारण प्रत्येक पार्टीको अन्तर नीहित जातिय संरचना र एजेण्डा छन ।

प्राय: जसो राजनीतिक दलहरू कुनवावादले ग्रस्त भएको देखाउँछ । पार्टीको नीति र नेतृत्वमा आफ्नो नाता पर्ने वा जात बाहेक अन्य कसैलाई पनि सजिलै पुग्न नदिने असमान र अन्यायपूर्ण मापदण्डहरू राखिएका छन । अरु सबैलाई लोकतान्त्रिक देख्न चाहने साजनीतिक दलहरू आफूलाई नियम कानुन र नैतिकताको घेराभन्दा माथि राखेका छन । सबै क्षेत्र समुदाय र लिङगबाट मत प्राप्त गर्ने राष्ट्रिय स्तरका दलहरूको सामाजिक आधार बृहत भएपनि ती दलहरूका नेतृत्वको जातिय आधार निकै सांघुरो छ । ठूला दलहरूको नेतृत्वमा प्राय: जसो बाहुन समुदायले कब्जा जमाएर बसेका छन । दलहरूमा आन्तरीक लोकतान्त्रिक समाप्त प्राय छ अर्थात् आवधिक निर्वाचन र पार्टीका सबै सयंन्त्रहरूको नियमित बैठक गर्न लोकतान्त्रिक परिपाटी पालना भईरहेको छैन । नेतृत्वको दयामाया र निगाहको परिपाटी सहनु परिरहेको गुनासो स्वयं ती दलका कार्यकर्ताहरू गरिरहेका छन । मधेशीहरूको पार्टी पनि जातिय घेराबाट माथि उठ्न सकेका छैनन् । जहाँसम्म जातिय लहरको प्रश्न छ यिनीहरू योजना विहिन र असंगठित छन । राजनीति शास्त्रको सामान्य नियम अनुसार नेपालमा सबैभन्दा ठूलो जनसांख्यिक समुह आदिवासी जनजाति हुनाले यिनीहरू भविष्यमा वैकल्पिक राष्ट्रिय पार्टी बन्ने हैसियत राख्छन । तर यो तब मात्र सम्भव हुन्छ जब योजनाबद्ध र संगठित प्रयास गरिन्छ । साना कम्युनिष्ट पार्टीहरू भविष्यमा कि त जातीय पार्टीको रुपमा रुपान्तरित हुने अथवा ठुला कम्युनिष्ट पार्टीमा विलय हुने सम्भावना बढि देखिन्छ ।

राष्ट्रियता र अग्रगमनको प्रश्नमा ठुला र मधेशवादी दलहरू स्खलित भैसकेका छन । अब यो भन्दा अगाडि जाने हैसियत र कुब्बत उनीहरूसंग छैन ।

हिन्दुवादको प्रश्नमा दुई परस्पर विरोधी राजनीतिक स्वार्थहरू विच भविष्यमा टकराव हुने सम्भावना बढि छ। वाहुनवादी र मधेशवादी शक्तिहरू भोली हिन्दुवादी मतदाता र भारतीय संस्थापनको दवावमा उदार हिन्दुत्वको पक्षमा एकै ठाउँमा उभिए भने आश्चर्य मान्नुपर्ने छैन ।

के कुरा प्रष्ट छ भने नेपालका कुनै पनि राजनैतिक दल सतहमा देखिए जस्तो सरल रेखामा राजनीति गरिरहेका छैनन् र त्यसको एउटै कारण के हो भने यिनीहरू मुल्यको राजनीति गदैनन् । हिजोका सामन्तवादी राजनीतिक ढांचाले जे कुरा सिकाएका छन, कमोवेश सबै राजनैतिक दलहरू त्यै उठापटक षडयन्त्र तथा अनुचित बठ्याईलाई अनुसरण गरिरहेका छन । सारमा के भन्न सकिन्छ भने अहिलेसम्मको राष्ट्रिय राजनीतिको चरित्र बाहुन र बाहुनवाद केन्द्रित रहिआएका छन । संविधानसभाको निर्वाचन पुर्वसम्म राजतन्त्र यसको संरक्षक र हिआएको थियो, त्यसपछि भारतले त्यो भूमिका लिएको छ । जातिय निकटटाको सवालमा भारतको लागि मधेशी र पहाडी बाहुन समुदाय समान रुपले निकट छन । फरक मात्र के हो भने मधेशीहरू भोकल छन र भारतिय स्वार्थको लागि खुलेर बोल्छन् । बाहुनहरू नबोलेर भार तको लागि त्यो भन्दा बढी गरिदिन्छन । दुबै मध्ये कुनै पनि समुदाय नेपालको राजनीतिमा हावी रहुन्जेल नेपाल आफ्नो ग्रीपभन्दा बाहिर नगएको निश्कर्षमा भारत निश्चिन्त रहन्छ । अहिलेको नेपालको राजनीतिक अवस्था भारतको लागि आदर्श अवस्था हो । सतहमा देखिएका समस्याहरू मध्ये उत्पिडित समुदायहरूको लागि अबको मुख्य शत्रु बाहुनवाद नै हो। र वाहुनवादसंग लड्न सामाजिक सामर्थ्यले मात्र पुग्दैन । राजनीतिक दर्शनसंग एकाकार भैसकेको वाहुनवादसंग बैचारिक र राजनैतिक लडाई लड्न आदिवासी जनजातिहरूले पनि राजनीतिक संयन्त्र नै प्रयोग गर्नुपर्दछ । त्यसको लागि अबको आउने दिनमा राजनीतिक शक्ति (राजनीतिक दल) निर्माण गरी एकीकृत रुपमा अगाडि बढ्नु पर्ने, आजको आवश्यकता देखिन्छ ।

१.३.आदिवासी जनजातिका प्रमुख मुद्दाहरू :

आदिवासी जनजातिहरूले आफ्ना सम्पूर्ण समस्याहरूको मूल स्रोत राज्यसत्ता र त्यसले अंगीकार गरेका नीतिहरू नै भएकाले त्यसको समाधानको निमित विभिन्न मागहरू राख्ने गरि आएका छन । यस्तो माग कहिले संगठित रुपमा त कहिले असंगठित रुपमा गर्ने गरेका छन । अतीतमा जनजातिहरूले आफ्नो मागहरू सशक्त रुपमा उठाउन हिंसात्मक कार्यवाहीहरू पनि गरेका छन । राज्ययन्त्रको क्रूर दमनका कारण यस्ता मागहरू सधैं अपूर्ण रहिआएका छन । नेपाल आदिवासी जनजाति महासंघ तथा अन्य जनजाति संस्थाहरूको मागहरूका आधार मा जनजातिहरूको मुख्य माग निम्नानुसार देखिन्छन ।

१.सामुहिक र विशीष्ठ पहिचान र सामुहिक अधिकार २) जातिय एकल पहिचान सहितको संघीय गणतन्त्र ३) जातिय आत्म(निर्णयको अधिकार ४) जातीय स्वायत्तता र स्व:शासन ५) भूमि, भूभाग र स्रोतमा स्वामित्व र नियन्त्रण ६) प्रथाजन्य कानून ७) धर्म निरपेक्षता र त्यसको व्यवहारिक कार्यान्वयन ८) भाषिक समानता ९) जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व प्रणाली १०) सकारात्मक विभेद ११) आदिवासी जनजाति महिलाको पहिचान र समान अधिकार ।

१.४. संविधानसभा विघटन पछिको राजनीतिक अवस्था: १.४.१. संविधानवाद र राजकीय सत्ता प्रयोगको प्रश्न । १.४.१.१. संविधानवाद खण्डित भएको अवस्था (संविधान सभा विघटन भएपछि अन्तरीम संविधानको निरन्तरतामा नै प्रश्नचिन्ह खडा भएको छ । राष्टूपति र प्रधानमन्त्रीले गर्ने गरेका हरेक कार्यहरूमाथि प्रश्नचिन्ह उठ्न थालिसकेका छन । चेक एण्ड ब्यालेन्स खल्बलिएको अवस्था छ ।

१.४.१.२. राजकीय सत्ता प्रयोगका लागि बैधानिक धरातलको अनुपस्थिति(संविधान सभाविहिनताको अन्तरीम संविधानले कल्पना नगरेको अवस्थामा राज्यका प्रत्येक अंगहरू लुलो अवस्थामा पुग्ने स्थितिमा छ । राजनीतिक सहमति अमूर्त कुरा हो । वास्तविक राजनीतिक शक्ति को हो भन्ने कुरा चुनाव नभई थाहा हुन सक्दैन । तबसम्म कसले कति जनपरिचालन गर्न सक्छ जनपरिचालनको देशभरमा फैलावटको आकार कस्तो छ ती सब मापदण्ड नै तत्कालीन शक्ति मापनको आधार हुने देखिन्छ । यस्तो अवस्थामा शक्तिको श्रोत जनता नै भएकोले सामाजिक स्वार्थ समुहहरु राजनीतिक शक्तिको रुपमा रुपान्तरित भई नयाँ शक्ति केन्द्रको उदय हुने सम्भावना बढी हुन्छ । तसर्थ भैरहेका राजनीतिक दलहरुलाई मात्र राज्य सत्ताले रि कग्नाईज गर्न सक्दैन । त्यसले थप अराजकता श्रृजना गर्ने स्थिति बन्छ ।

१.४.१.३. अराजकताको लागि उर्बर आधारभुमी (कसैको लेजिटिमेशी नभएको अवस्थामा भोली अनेक प्रश्नहरू उब्जिनेछन् । मानौं भैरहेका दलहरूको सहमतिमा नयां सरकार बन्यो, तर त्यो सर कारमाथि पनि अहिले जस्तैको प्रश्न रहिरहने छन । यस्तो अवस्थामा स्थानीय सत्ताहरूको जन्म हुने निश्चित छ। यसले शक्ति संघर्षलाई थप जटिल मोडमा पुऱ्याउने छ र देशभरि अराजकता श्रृजना गर्नेछ ।

१.४.१.४. जातिय स्वायत्तता अभ्यासको लागि उर्वर समय श्रृजना हुन गइरहेको अवस्था (जातिय स्वायत्तता आदिवासी जनजातिहरूको माग र चाहना हो भन्ने कुरा भ्रम मात्र हो । केन्द्रिय सत्ता यसै गरी विश्रृंखलित हुदै गए मधेशी र खस आर्यहरू जातिय सत्ता अभ्यासको क्रममा सबभन्दा अगाडि देखिनेछन्। आदिवासी जनजातिहरूको जातिय पहिचानको मागलाई अस्वीकार गरेर त्योभन्दा धेरै गुणा बढि मुल्य चुकाउनु पर्ने अवस्थाको श्रृजना भैसकेको छ । अखवारी प्रोपोगण्डाले अधिकार प्राप्तिको भेलालाई रोक्न सक्ने अवस्था देखिदैन । संघियता भन्नु नै सार्वभौमसत्ताको विभाजन हो । स्वायत्तता सहितको संघियता दिन नमान्ने हो भने अबका स्वायत्तत्राका आन्दोलनहरू स्वतन्त्रताको आन्दोलनको रुपमा परिवर्तित हुने सम्भावना बढेर गएको छ ।

१.४.२. प्रमुख राजनीतिक दलहरू एमाओवादी, कांग्रेस, एमालेका असन्तुष्ट जनजाति नेताहरूको अवधारणा :

संविधान सभा अन्तरगतका विषयगत समितिले सिफारिश गरेका १४ प्रदेशहरूको खाकालाई प्रमुख राजनीतिक दलहरू एमाओवादी, कांग्रेस, एमालेका असन्तुष्ट जनजाति नेताहरूले समर्थन मात्र हैन कि त्यसलाई आफ्नो पोजिशन नै बनाएका छन । आदिवासी जनजातिका सामुहिक अधिकारहरू जस्तैः आई.एल.ओ.१६९ यु.एन.डीप, एफ.पी.आई.सी. सम्बन्धि संयन्त्र, स्वायत्त र संरक्षित क्षेत्रहरूको व्यवस्था आदि सुनिश्चित हुनुपर्ने अडान राखिएको देखिन्छ। राजनैतिक दलहरू समावेशी बन्नुपर्ने र आफ्नो विधान, घोषणापत्र र पूर्व निर्णयहरू प्रति ईमानदार बन्नुपर्ने आग्रह राखिएको देखिन्छ। अर्थात् असन्तुष्ट जनजाति नेताहरू आफ्नो दलभित्र न्यायपूर्ण स्थानको लागि संघर्षरत छन । तर मुद्दागत रुपमा अब यो असम्भव जस्तै देखिन्छ। देशका एजेण्डाहरूमा विधिगत र प्रकृयागतरुपमा निर्णय गर्न नेताहरूलाई आग्रह गरिएको देखिन्छ । तर दलका नेतृत्वहरू नेपालमा जतिको छाडा र स्वेच्छाचारी संसारमा कहीं पनि नभएकोले यो आग्रह पुरा हुने सम्भावना पनि समाप्त प्राय: देखिन्छ ।

बार्षिक २ सय रुपैंयामा ग्राहक बनौं
कीर्तिपुर सन्देश अफ्नै घरमा बसेर पढौं
कीर्तिपुर र देशको समाचार तपाईको कोठामा

सम्पर्क
कीर्तिपुर सन्देश साप्ताहिक फोन
४३३३००७/९८४१४०१०७७

नेवारहरू राजनीतिमा किन पछि परेको

नयाँ संघिय संविधानमा नेवाः राज्यको सुनिशिचिताको लागि हामी नेवारहरू एक ढिक्का हुनुपर्‍यो । नेवाः राज्य नमान्ने जुनसुकै पार्टी भएपनि त्यो पार्टी छाडेर आउनु पर्‍यो । पहिले म नेवार हुँ । अनि मात्र कुनै पार्टीको कार्यकर्ता हुँ भन्ने भावना हुनु पर्‍यो । अनिमात्र हामीले नेवाः राज्य पाउन सक्छौं ।

रामभोला महर्जन

नेवार भन्ने शब्द नै एक जात, एक समूहसंग सम्बन्धित नभई यो एउटा बृहत समुदाय संग सम्बन्धित छ । जसको पहिचान यस समुदायहरूले गर्ने विभिन्न किसिमको चाड पर्व रीति रिवाज, बोलिने भाषा, संस्कृती र साहित्यलाई आधार मानी पहिचान गर्न सक्छ ।

गोपालवंश नेपालको सबैभन्दा पुरानो वंश वा सुरुको वंश भनि सबैले मानि आएको हो जसलाई वंशावलीमा पनि उल्लेख गरेको छ। मञ्जुश्रीले काठमाण्डौं उपत्यकामा जमेको पानीलाई चोभारबाट बगाई बस्न योग्य भूमि बनाई सकेपछि सुरुवात भएको हो । यस वंशपछि उपत्यकामा महिषपाल, किराती, लिच्छवी र मल्लको शासन चलेको देखिन्छ । त्यसबेलादेखि नै कान्तिपुर, ललितपुर र भक्तपुरमा बस्ति भइसकेको थियो। जसको उदाहरण चांगु नारायण मन्दिरमा रहेको लिच्छवीकालिन शिलालेखबाट पनि बुझ्न सकिन्छ । यी सबै शासनकालहरू नेवारहरूकै शासन मानि आएका छन । नेपालमा सन ८७९ पूर्व मध्यकाल सबै मानिसहरू धर्म कर्ममा निस्वार्थ र सेवा भावनाले प्रेरित भएको हुन्छ। जसले गर्दा नेपालमा एउटा छुट्टै नयाँ नेपाल सम्बतको प्रादुर्भाव हुन बल पुग्यो । जुन अहिले तिहारको म्हपुजाको दिनदेखि भव्य रुपमा मानि आएको छ ।

नेपालको इतिहासमा नेपाल भाषा र नेवार संस्कृतिले राष्ट्रिय संस्कृतिको महत्व बोकेको छ। जुन नेपालभाषामा नै लेखिएको अभिलेख, ताडपत्र र शिलालेख दरवार मन्दिरहरूमा अझसम्म पनि हेर्न सकिन्छ। त्यसबेला नेवारहरूको राजनीति स्थिर हुनुका साथसाथै आर्थिक सामाजिक धार्मिकहरूमा पनि धेरै राम्रो विकास भएको थियो । जसको उदाहरण काठमाण्डौं, ललितपुर र भक्तपुरमा रहेका मन्दिर, दरवार, बाटो, पाती पौवाहरूबाट पुष्टि हुन्छ ।

राजा जयस्थिति मल्लले नेवार समुदायलाई काम अनुसार विभिन्न थर मा विभाजन गरी काम र कर्तव्य समेत तोकि दियो। जसले कानुनी मान्यता समेत प्राप्त गरेको थियो । जसबाट समाजमा काम गर्न त सजिलो भयो तर त्यस विभाजनबाट समुदायमा विभेदको स्थिति सुरुवात भयो ।

यसबाट सकारात्मक भन्दा पनि नकारात्मक प्रभाव समुदायमा पर्दै गयो जसले गर्दा ठूलो थरमा परेकाहरूले मात्र पढ्ने लेख्ने राम्रो काम गर्ने मौका प्राप्त गरे । जसले गर्दा तिनीहरू उच्च वर्ग, धनि र बुद्धिजिवी समूहमा पर्दै गयो र सानो थरमा परेकाहरू पढ्न, लेख्न नपाउनुका साथै कामहरू पनि खेतीपाती लुगा धुनु मासु बेच्नु बाटो सफा गर्नु आदि काम गर्नु पर्‍यो जसले गर्दा धनि गरिब ठूलो सानो भावनाको पनि सुरुवात भयो ।

ठूलो थरमा परेकाहरूले सानो थरमा परेकाहरूलाई छुन नहुने, पानी नचल्ने भनेर हेला गर्न थाले । जसले गर्दा एउटै समुदायमा पनि ठूलो खाडल पैदा भयो । त्यो खाडल पुर्नुको सट्टा झन बढाउँदै लग्यो। सानो थरका मानिसहरूले आफ्नो भाग्यलाई कोस्दै चुप लागेर बसे ।

नेवारहरूलाई खर्पन बोकेर दरवार को चिन्ता गर्नु पर्दैन यो तिमीहरूको काम होइन भनेर राजनीतिमा समावेश नै गराइएन किनभने नेवारहरूको जनसंख्या धेरै छ राजनैतिक हिसाबबाट नेवारहरू शिक्षित भयो भने खसहरूले राज गर्न पाउँदैन भनेर उनीहरूलाई राम्ररी थाहा छ । त्यसकारण पृथ्वी नारायण शाहले काठमाडौं उपत्यका जितेपछि नेवारहरूलाई राजनीतिमा समावेश नगराइ अरु व्यापार, कृषि, संस्कृतिमा मात्र प्राथमिकता दिन थाल्यो । जसले गर्दा नेवारहरू राजनीतिमा पछि पर्दै गयो ।

शिक्षा र स्वास्थ्यमा विकास नुहुनु : शिक्षा नै विकासको आधार हो भन्ने कुरा जनतालाई थाहा नै भएन। आफूले नदेखेको तर परापूर्व कालदेखि विश्वास गर्दै आएको धर्म कर्म देव देवता धामी झाक्रि आदिको विश्वास गरेर र त्यसको पछि लाग्नु जसले गर्दा गरिवी, अशिक्षित र दुःखको जीवन जिउन बाध्य हुनुपर्‍यो ।

एउटै समुदाय भित्र धेरै वर्ग वर्गिकरण हुनु : नेवारहरू सबै एउटै वर्ग वा जातमा परेको भनि थाहा नहुनु र आफू आफूहरूमा पनि म ठूलो थरको र तिमी सानो थरको भनि भेदभाव र छुवाछुत हुनु र थिचोमिचोको संस्कारको हुनु जसले गर्दा आफू आफूमै मेलमिलाप नहुनु जसले गर्दा एकताको भाव संस्कार को विकास हुन सकेन ।

साँस्कृतिक र चाडपर्वमा भुलिरहनु : नेवारहरूको चाड पर्व धेरै हुनु जसले गर्दा वर्षभरि उत्पादन गरेर अन्नवालीले पनि नपुगेर सरसापत गरि काम चलाउन पर्ने हुन्छ जसले गर्दा नेवार समुदायहरू दुईवटा कुरामा अल्झीरहेको हुन्छ काम र चाड पर्व। यी दुई कुरा भन्दा अरु विषय बस्तुहरूमा सोच्नसम्म पनि फुर्सद हुँदैन । यसले गर्दा बाहिरी दुनियामा के भइरहेको के कस्तो उतार चढाव भइर हेको छ थाहा नै हुँदैन । उनीहरू आफनै दुनियामा अल्झिरहेको हुन्छ ।

राजनीतिभित्र सबैकुरा समेटिएको छ भन्ने थाहा नै पाएन : आजको समय र परिस्थिति अनुसार सबैकुरा राजनीतिमा निर्भर हुन्छ भन्ने कुरा नेवार समुदायहरूलाई हेक्का नै भएन ।

यहाँ एउटा उखान राख्न सान्दर्भिक लागेको छ जस्तो "घिउ र भात पनि नखाने तरवार पनि नथाप्ने" यो कथनले नेवार समुदायलाई अहिले पछि पारेको छ जसको परिणाम नेवार समुदाय सबै क्षेत्रबाट खेदिएको अवस्थामा पुगेको छ तर पनि नेवारहरूको चेतनाको विकास राम्रो संग भएको छैन । आफू आफूमा पनि शत्रुको भावना जागेको छ । मुख्य शत्रुको हो भन्ने थाहा नै पाएको छैन ।

अबको दृष्टि कस्तो हुनुपर्छ : नेवार हरू एउटै गाउँ शहरमा बसेपनि आफू आफूमै हामी भन्ने भावना विपरित एक आपसमा खुट्टा तानातान गर्नु दुर्भाग्य हो हामी र हाम्रो भन्ने कुरा नै जागृत हुन सकेन । यसको मुख्य कमजोरी भनेको राजनीति राजनीतिक कमजोरी हो । राजनैतिक चेतनाले नै हामी सबै एक हो हामीहरू मिल्नुको विकल्प छैन भन्ने भावना जागृत गराउँछ जबसम्म सरकार हाम्रो र हामी द्वारा चलाएको हुँदैन तबसम्म हामीले कही गर्न सक्दैन भन्ने ज्ञानको आवश्यकता हुनुपर्‍यो ।

"अरुले ख्वाएको खानाले हाम्रो पेट भर्दैन अरुको सोचले आफनो देश बन्दैन भन्ने उक्तिलाई सिरोपर गर्नु पर्‍यो । आजसम्म नेवारहरू प्रधानमन्त्री हुन सकेको छैन। अरुहरूलाई माथि उक्लने भर्‍याङ मात्र भयौं । अब हामीले के बुझ्नु पर्‍यो भने विगतमा वालुवाबाट तेल निकाल्न कोशिस गर्‍यौं जुन असफल भयो ।

अब बन्ने नयाँ संघिय संविधानमा नेवाः राज्यको सुनिशिचिताको लागि हामी नेवारहरू एक ढिक्का हुनुपर्‍यो ।

नेवाः राज्य नमान्ने जुनसुकै पार्टी भएपनि त्यो पार्टी छाडेर आउनु पर्‍यो । पहिले म नेवार हुँ । अनि मात्र कुनै पार्टीको कार्यकर्ता हुँ भन्ने भावना हुनु पर्‍यो । अनिमात्र हामीले नेवाः राज्य पाउन सक्छौं ।

हार्दिक श्रद्धाञ्जली

यस क्रेयटिभ सोसाइटी पाँगाका सदस्य केश कुमार महर्जनका आमा **न्हुच्छेमाया महर्जनको** यही श्रावण ५ गते असामयिक स्वर्गारोहण भएकोमा आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।



स्व.न्हुच्छेमाया महर्जन

जन्म मितिः १९९३ बैशाख

स्वर्गारोहण : २०६९ श्रावण ५ गते

आनन्द महर्जन, सागर डंगोल, विजयकुमार महर्जन, राजेश महर्जन, ध्रुव महर्जन, विश्वास महर्जन, मधुकर श्रेष्ठ, विकास श्रेष्ठ रामचन्द्र महर्जन, जीत गोविन्द महर्जन, परमेश्वर डंगोल, मथुरा महर्जन, नरेन्द्र महर्जन, नविन्द्र महर्जन, दिपक महर्जन, सन्तोष महर्जन, जयकृष्ण महर्जन, राजकाजी महर्जन

क्रियटिभ सोसाईटी पाँगा